नेपाल पर्वत

वर्ष १ अंक ३ पुस-माघ २०५७



नेपाल पर्वतारोहण संघ
Nepal Mountaineering Association



श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेवको
५६ औं शुभजन्मोत्सवको सुखद्
उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य
दीर्घायु तथा समृद्धिका लागि हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल पर्वतारोहण संघ परिवार

सलामी तिर्नोस अनि सलाम ठोकेर हिमाल चढ्नोस

❐ बुद्धिनारायण श्रेष्ठ


संसारका विभिन्न मानिसहरुको रुची र सौख विभिन्न प्रकारको रहेको पाइन्छ । कसैलाई खेलकुदमा विश्वविख्यात हुने चाहना रहेको हुन्छ भने कुनैलाई सर्वाधिक धनाढ्य वन्न होडबाजी चाल्न मन लाग्छ । यस्तै अन्य कतिपयमा हिमालका विश्वप्रख्यात चुचुरोहरुमा चढेर कीर्तिमान राख्ने धोको रहेको पाइन्छ । हिमाल चढ्ने धोको पनि कसै कसैमा त लागू पदार्थ खाने लत बसेजस्तै भएको पाइन्छ । फलतः कतिपयले दशौं/एघारौं पटक सगरमाथाको टाउकोमा टेकिसके र अब अझै बाह्रौं/पन्ध्रौं पटक पुग्ने अभिलाशा उनीहरुमा रहेको हुन सक्छ । हिमालयको विभिन्न चुलीहरु लगायत सगरमाथा आरोहणमा विजय प्राप्त गर्ने सन्दर्भमा विभिन्न विषयवस्तु रहेको पाइन्छ । जस्तो, सवभन्दा पहिलो पटक पुग्ने, धेरै पटक पुग्ने, लामो समयसम्म चुचुरोमा बस्ने, कम उमेरमै सगरमाथाको चुलीमा टेक्ने एवम् महिलाहरुमध्ये सर्वप्रथम हुने । सगरमाथाको शिखरमा सवभन्दा पहिलो पटक पुगी विजय लुट्ने काम तेन्जिङ नोर्गे र एड्मण्ड हिलारीले ४७ वर्ष अगाडीनै गरिसके भने प्रथम विदेशी महिलाको उपाधि जुन्को तावेयीले र प्रथम नेपाली महिलाको दर्जा स्व. पासाङ ल्हामु शेर्पाले लिइसकिन । अब यसमा होडबाजी चल्दैन । तर कम उमेरमा पुग्ने, पाको उमेरमा पुग्ने, छोटो समयभित्रै उक्लने, धेरै घण्टा शिखरमा विताउने आदि इत्यादि होडबाजी भने अविरल गतिले चल्दैछ । हुँदा-हुँदा अपाङ्गले पनि सफलताकासाथ सगरमाथाको आरोहण गरिसिध्याए । लौ त भनौं भने आरोहणको होडबाजी र कीर्तिमान कायम गर्ने क्रममा अब कहिले आउने हुन् अन्धा आरोही र पछाडि सर्दै हिंड्ने साहसी पर्वतारोही !

माथिको वर्गिकरणमध्ये चाहे तपाई अन्ध-अपाङ्ग समूहको पर्नोस् या जुंगाको रेखी नवसेको काँचो उमेर वर्गको आरोही हुनोस् अथवा चाहे तपाई आरोहणमा सफल हुनोस् या नहुनोस्, सहिसलामत फर्कन सक्नोस् या नसक्नोस् तपाइमा नै भरपर्ने कुरा हो तर हिमालचुली आरोहण गर्न पाइला चाल्नुभन्दा पहिले तपाई वा तपाईको समूहले तोकिएको हिमाल आरोहणसम्बन्धी सलामी (रोयल्टी) सरकारी निकायलाई बुझाउनु पर्छ । हो केही चीजको प्रयोग/उपयोग गर्दा त्यस बापतको दस्तुर बुझाउनु पर्छ र हिमाल आरोहण गर्ने टोलीले पनि सलामी तिर्नु पर्छ । यस प्रकारको सलामीबाट प्राप्तहुने धनराशी श्री ५ को सरकारको आयश्रोतको विदेशी मुद्राको महत्वपूर्ण अंश मानिन्छ । यसैले पर्यटन मंत्रालय अन्तर्गतको निकायलाई सलामी तिर्नोस र सो निकायलाई धन्यवादस्वरुप सलाम ठोकेर हिमालयको फेदिमा रहेको वेस क्याम्पतिर पाइला चाल्नोस् ।

बेस क्याम्पमा पुग्नोस्, मनलाग्छ भने आफ्नो इच्छा र रितिरिवाजाअनुसार पूजा-अर्चना अर्थात शुभ-चिन्तन गर्नोस अनि आफूले आरोहण गर्ने हिमचुलीलाई अभिवादनस्वरुप आफैले सलाम ठोकेर हिमाल चढ्न सुरु गर्नोस् । तर हिमाल चढ्दा तपाईले तिरेको सलामीको चस्का रतिभर पनि नलिनोस्, नत्र तपाइको पाइला अगाडि नवढ्न पनि सक्छ ।

नेपालमा ६,००० मिटरभन्दा माथिका उचाइ भएका हिमशिखरहरु १,३१० को संख्यामा रहेका छन् । यसमध्ये १५१ हिमचुलिको आरोहण अनुमति श्री ५ को सरकारको पर्यटन मंत्रालयको निकायबाट प्रदान गरिन्छ । बाँकी १८ चुली नेपाल पर्वतारोहण संघको अधिकार क्षेत्रभित्र परेको छ र सलामीको दररेट पनि संघले नै तोक्न सक्ने व्यवस्था गरिएको छ । नेपालको सीमारेखा भित्र पर्ने हिमालय श्रृंखलाका विभिन्न हिमशिखरहरुमा आरोहण गर्नका लागि वर्षेनी सयौं आरोही दलहरुले आरोहण अनुमति लिन्छन् र करोडौंको रकम सलामी दस्तुरवापत तिर्छन् । गत वर्ष सन् १९९९ मा मात्रै ११५ दलले अनमति दस्तुर तिरेको पाइन्छ । यसमध्ये सगरमाथा आरोहणका लागि मात्रै १६ टोलीले सलामी बुझाएका थिए भने ६,००० भिटरभन्दा अग्लो अन्य ३१ हिमशिखरहरु चढ्न अन्य ९९ दलले आरोहण दस्तुर बुझाएका थिए । यसबाट श्री ५ को सरकारलाई सो वर्षमा ८ करोड ८७ लाख रुपैयाँभन्दा बढी सलामी दस्तुर वापतको राजस्व आम्दानी भएको थियो, जसको तथ्याङ्क यसै लेखमा प्रस्तुत गरिएको छ ।

हिमाल आरोहण सलामीको रोयल्टी असुल्ने सम्बन्धमा सम्बन्धित सरकारी नियकाले उचित ठानेमा कुनै दल वा व्यक्तिलाई सलामी मिनाहा गरिदिन पनि सक्छ । जस्तो, उपमाको निमित्त उल्लेख गर्नुपर्दा प्रथम नेपाली महिला आरोही स्वर्गीय पासाङ ल्हामु शेर्पा, कम उमेरका अरविन तिमिल्सिना जस्ता ६ जना आरोहीलाई रोयल्टी मिनाहा गरिएको थियो । तर यसका लागि अथक परिश्रम, प्रशस्त दौडधुप, निकै भनसुन, केही दवाब, केही रोदनसमेत गर्नु परेको कुरा स्वर्गिय पासाङ ल्हामुले भोगेको जानकारी ज्युँदा नेपाली पर्वतारोहीहरुमा रहेको पाइन्छ । यसमाथि मिनाहा माग्ने आरोही कुन खेमाको हो भन्ने जाँचबुझ



सन् १९९९ को आरोही टोली संख्या तथा सलामी राजस्व				
ऋतु	सगरमाथामात्रै आरोही टोली	अन्य शिखर आरोही टोली	आरोही टोली संख्या जम्मा	राजस्व रू.
वसन्त	१५	२०	३५	५,५६,६७,०२२
ग्रीष्म	-	३	३	१,१७,३००
शरद	१	६८	६९	२,६४,६८,६४३
हिउँद	-	८	८	८२,८६,०००
जम्मा	१६	९९	११५	८,८७,३८,९६५

श्रोतः पर्यटन उद्योग महाशाखा, भृकुटीमण्डप ।

नहुने होइन भन्ने पनि धारणा रहेको पाउन थालिएको छ । जे होस्, सलामी मिनाहाका सम्बन्धमा सबै कसीमा खारिन नसक्ने तर हिमाल आरोहण गर्न तम्सने टोलीले जतिसुकै झमेला भए पनि प्रक्रिया पुऱ्याई सलामी तिर्नोस् अनि सलाम ठोकेर हिमाल चढ्नोस् ।

हिमाल आरोहण अनुमति दस्तुरवापतको सलामी दररेट विभिन्न उचाइका हिमशिखरको निमित्त विभिन्न प्रकारमा तोकिएको छ । यस प्रयोजनको निमित्त विभिन्न हिमचुलीहरुलाई उचाइको हिसाबले ६ प्रकारमा वर्गीकरण गरिएको छ । यी ६ ओटै वर्गका हिमाल अरोहण दस्तुर पनि ६ किसिममा बाँडिएका छन् । छैठौं वर्गको हिमाल चढ्ने अनुमतिका लागि प्रतिटोली १,५०० अमेरिकी डलर र प्रथम वर्गको सगरमाथा टेक्नका लागि ठ्याम्मै ५०,००० डलर तिर्नु पर्छ । प्रत्येक टोलीमा तोकिएको टाउको भन्दा बढी भएमा प्रति व्यक्ति थप दस्तुर पनि बुझाउनु पर्छ, जस्तो सगरमाथाको निमित्त थप १०,००० डलर प्रति व्यक्ति । अन्य उचाइका हिमालचुलीहरु समेतको सलामी दस्तुर के कति रहेको छ र यो दस्तुरको दररेट गत २५ वर्षभित्र कुन अनुपातमा बढ्दै गएको छ भन्ने तथ्य यहाँ प्रस्तुत टेबुल नं. २ बाट जानकारी लिन सकिन्छ ।

माथिको तालीका अध्ययन गर्दा संसारको सर्वोच्च शिखर सगरमाथा (८८५० मिटर) मा पाइला टेक्नजान सन् १९७६ देखि १९८४ सम्म रू. १५,००० (१,०७२ अमेरिकी डलर औसत) तिर्नु पर्थ्यो भने सन् १९८४ शरददेखि १९९२ सम्मका लागि रू. ५०,००० (१,४७९ डलर औसत) को सलामी दररेट तोकियो । यसका साथै प्रतिवर्ष १० प्रतिशतका दरले चक्रवृद्धि गर्ने प्रवन्ध पनि गरियो । यसरी आठ वर्षको दौरानमा नेपाली रुपैयाँको हिसाबमा ३३३ प्रतिशतले शुल्क वृद्धि गरियो । सगरमाथा उक्लने होडबाजी चली आरोहीहरुको घुँइचो लाग्न थालेको र नेपाली मुद्राको तुलनामा अमेरिकी डलरको भाउ उकालो लागेकोले होला सन् १९९२ को वसन्त ऋतुदेखि यसको सलामी नेपाली रुपैयाँको बदला अमेरिकी डलरमा तिर्नपर्ने गरी तोकियो र प्रतिटोली १०,००० डलर निर्धारण गरियो । यसमा पनि प्रति टोली अधिकतम ९ जना आरोहीमा सीमित गरियो र त्यसभन्दा बढीलाई प्रतिव्यक्ति १,२०० डलरको दर निश्चित गरियो । यसबाट साविकको दररेटमा ६७६ प्रतिशतले शुल्क बृद्धि हुन पुग्यो ।

समयको दौरानमा नेपालको दौंत्य सम्बन्ध संसारका सयभन्दा बढी मुलुकहरुसंग भइसकेकोले विश्वप्रख्यात सगरमाथाको प्रचार प्रसार पनि बढ्यो । यसको साथै भौगर्भिक तथा प्लेट टेक्टोनिक प्रक्रियाले सगरमाथाको उचाई बढ्दै गइरहेको छ भन्ने अध्ययन अनुसन्धान पनि

हिमाल आरोहण सलामीको दररेट (आरोहण अनुमति शुल्क)							
सि.नं.	हिमालचुलीको वर्गीकरण	वसन्त १९७६ देखि वसन्त १९८४	शरद १९८४* देखि हिउँद १९९२	वसन्त १९९२** देखि वसन्त १९९६	अतिरिक्त प्रतिव्यक्ति	वसन्त १९९६ देखि हालसम्म	अतिरिक्त प्रति व्यक्ति
		रू.	रू.	अमेरिकी डलर	अमेरिकी डलर	अमेरिकी डलर	अमेरिकी डलर
१.	सगरमाथा (८,८५० मिटर)	१५,०००	५०,०००	१०,०००	१,२००	५०,०००	१०,०००
२.	८,००० मि. भन्दा अग्ला चुलीहरु	१४,०००	४०,०००	८,०००	८००	१०,०००	१,५००
३.	७,५०१-८,००० सम्मका चुलीहरु	१२,०००	३०,०००	३,०००	४००	४,०००	५००
४.	७,००१-७,५०० सम्मका चुलीहरु ६,६०१-७,५०० सम्मका चुलीहरु	- १०,०००	- २०,०००	२,०००	३००	३,०००	४००
५.	६,५०१-७,००० सम्मका चुलीहरु ६,६०१ भन्दा होचा चुलीहरु	- ८,०००	- १०,०००	१,५००	२००	२,०००	३००
६.	६, ५०१ मि. भन्दा होचा चुलीहरु	-	-	१,०००	१००	१,५००	२००

* *प्रत्येक वर्ष चक्रवृद्धि तरीकाले १० प्रतिशत वृद्धि गर्ने ।*

** *अधिकतम ९ जना पर्वतारोही ।*

श्रोत: *पर्यटन तथा नागरिक उड्डयन मंत्रालय तथा Provisions Relating to Mt. Tourism In Nepal 1999.*

विकसित मुलुकहरुले गर्दै रहेको कारणले संसारको सर्वोच्च शिखर सगरमाथामाथि विजय हासिल गरी कीर्तिमान कायम गर्ने मनसुवा भएका आरोहीहरुको भिंड बढ्दै गयो । फलस्वरुप नेपाल-जापान-चीनका टोली संयुक्त रुमपा बाह्रजना आरोहीहरु एकैपटक सगरमाथाको टुप्पोमा पुग्दा शिखरमा सवैजना एकैचोटी उभिन ठाउँ नपुगी पालैपालो उभिने क्रममा पर्खनु पऱ्यो । यिनै कुराहरुलाई मध्यनजर राखी सन् १९९६ मा सगरमाथाको आरोहण शुल्कमा एकैचोटी पाँच दोब्बर वृद्धि गरी ५०,००० अमेरिकी डलर पुऱ्याइयो । यसबाहेक प्रति अतिरिक्त आरोहीको दररेटमा ८३३ प्रतिशत बढाई १०,००० डलर पुग्यो । त्यसमाथि पनि प्रत्येक टोलीको सदस्य संख्या अधिकतम ९ बाट ७ मा झारियो र अतिरिक्त दररेट तिर्ने आरोही संख्या पनि अधिकतम ५ जनासम्ममात्र सीमित गरियो । सलामी शुल्कको यिनै दररेट अद्यावधि चलेर आइरहेको छ ।

यो शुल्कबाहेक सगरमाथाको समान्य साउथ कोलको बाटो भएर चुचुरोमा उक्लन चाहनु हुन्छ भने २०,००० डलर अतिरिक्त तिर्नु पर्छ । अनुमति प्राप्त मार्ग परिवर्तन गर्नु परेमा अर्को १०,००० डलर शुल्क बुझाउनु आवश्यक पर्छ । अन्य चुलीहरुको मार्ग पविर्तनमा तोकिएको सलामीको २५ प्रतिशतका दरले शुल्क लाग्छ । अन्य बुझाउनु पर्ने शुल्कहरुमा फोहोरमैला प्रवन्धको निमित्त ४,००० डलर धरौटी राख्नु पर्ने, बाटोमा फोहोर त्यसै छाडेको पाइएमा निरीक्षणपश्चात जरिवाना तिर्नुपर्ने, सगरमाथा राष्ट्रिय निकुंज भएर जान रू. १०००/- प्रति व्यक्ति शुल्क दिनुपर्ने र सरकारी लियाजो अफिसरलाई दिनुपर्ने भत्ता तथा क्याम्पिङ्ग सामग्रीको हरहिसाब त छुट्टै आउँछ नै ।

सगरमाथा आरोहणको शुल्क प्रत्येक अवधिमा निकै प्रतिशतले वृद्धि हुँदै गएको पाइन्छ भने अन्य होचा शिखर आरोहण अनुमति शुल्क भने सगरमाथाको दाँजोमा कमै प्रतिशतले मात्रै बढाइएको छ । उदाहरणको निमित्त सगरमाथा आरोहण शुल्क सन् १९७६ को आधारमा सन् १९८४ / १९९२ तथा १९९६ मा क्रमशः ३३३ / ६७६ तथा ५०० प्रतिशतले बढ्यो भने कुम्भकर्ण चुचुरोजस्तो ७,५०१ देखि ८,००० मिटरसम्मको हिमाल आरोहण शुल्कको दररेटमा क्रमश २५० / ३३० तथा ३३ प्रतिशत बढेको पाइन्छ । यसबाहेक ६,५०१ मिटरभन्दा होचो हिमालको शुल्क ५० प्रतिशतले मात्र वृद्धि गरिएको पाइन्छ ।

गत पटकहरुमा शुल्क वृद्धि गरिएका अवधि गणना गर्दा अब नयाँ मिलेनियमको सन् २००१ सुरु भइसकेको हुनाले र संसारका विभिन्न मुलुकहरु खासगरी नेपालमा चीज-बीजको मूल्य वृद्धि हुँदै गइरहेको परिप्रेक्ष्यमा हिमाल आरोहण शुल्कको पनि पुनः वृद्धि हुने लक्षण अन्दाज गरिएको छ । त्यसैले सगरमाथा चढेर आफ्नो नाम कीर्तिमान राख्न चाहनेहरुले ढिला नगर्नोस, फटाफट सलामी तिर्नोस् अनि सलाम ठोकेर हिमाल चढ्नुहोस्, नत्रभने मूल्य वृद्धिको मारमा पर्नु हुने छ ।

नेपाल-चीन पर्वतारोहण प्रवर्द्धन

चीन/ तिब्बत पर्वतारोहण संघको मैत्रीपूर्ण निमन्त्रणामा नेपाल पर्वतारोहण संघका प्रथम उपाध्यक्ष आङ छिरिङ शेर्पाको नेतृत्वमा संघका महासचिव भूमिलाल लामा, कोषाध्यक्ष श्री गिरधारी शर्मा, पूर्व का.वा. अध्यक्ष तथा का.स. सदस्य सोनाम ग्याल्जेन शेर्पा, का.स. सदस्य ल्हाक्पा दोर्जी शेर्पा लगायत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन उद्योग महाशाखाका प्रमुख, सह-सचिव शंकर प्रसाद कोईराला सम्मिलित ६ सदस्यीय सदभावना प्रतिनिधिमण्डल चीनको स्वशासित क्षेत्र तिब्बतको एक हप्ते भ्रमण पुरा गरी २०५७ साल भाद्र २९ गते (१४ सेप्टेम्बर २०००) स्वदेश फर्कियो । उक्त प्रतिनिधिमण्डल गत २०५७ भदौ २२ गते (सेप्टेम्बर ७, २०००) त्यसतर्फ प्रस्थान गरेको थियो ।

चीन/तिब्बत पर्वतारोहण संघ र नेपाल पर्वतारोहण संघ बीच दुई देश बीचको पर्वतीय पर्वतारोहण संग सम्बन्धित सहयोगको आदान प्रदान तथा यस क्षेत्रमा सम्भावित समस्याका बारेमा छलफल गरी



नेपाल पर्वतारोहण संघका प्रथम उपाध्यक्ष आङ छिरिङ शेर्पा तथा चीनको सिचुवान पर्वतारोहण संघका अध्यक्ष सेप्टेम्बर १३, २००० मा प्रोटोकलमा हस्ताक्षर गर्दै ।

समाधानको निकासको लागि भएको समझदारी अनुसार प्रत्येक वर्ष पालैपालो सद्भावना प्रतिनिधिमण्डलको आदान प्रदान हुने गरेको छ । यस पटकको भ्रमणको दौरान चीनको स्वशासित क्षेत्र तिब्बतका साथै सिचुआङ प्रान्तको चेङ्गदु क्षेत्रको पनि सद्भावना भ्रमण गरिएको थियो । करीव ८० लाख जनसंख्या भएको सिचुआङ प्रान्त चीनका सम्बृद्ध प्रान्तहरु मध्येको एक हो । काठमाण्डौ लगायत हङ्गकङ्ग र बैंककमा सिधा हवाई सम्पर्क भएको यस प्रान्त व्यावसायिक प्रान्तको रुपमा विकसित भएको छ ।

चीनले नेपाललाई हालै मात्र 'गन्तव्य' को रुपमा खुल्ला गरेपछि भएको यो सद्भावना भ्रमणका दौरान सिचुआङ पर्वतारोहण संघ र नेपाल पर्वतारोहण संघ बीच दुई देशको पर्वतीय पर्यटनको विकास तथा प्रवर्द्धनमा टेवा पुऱ्याउने हेतु एक प्रोटोकलमा हस्ताक्षर सम्पन्न भएको छ । नेपाल पर्वतारोहण संघका तर्फबाट संघका प्रथम उपाध्यक्ष आङ छिरिङ शेर्पा र सिचुआङ पर्वतारोहण संघ का तर्फबाट सो संघका उपाध्यक्ष तथा Deputy Director of Shichuan Sports Administration, Ms Zhuling ले हस्ताक्षर गर्नुभएको थियो । सो Protocol हस्ताक्षर समारोहमा संघको प्रतिनिधिमण्डलको साथै सिचुआङ पर्वतारोहण संघका पदाधिकारीहरुको उपस्थिति थियो ।

उक्त अवसरमा संघका प्रतिनिधिमण्डलका सदस्य तथा श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह-सचिव शंकर प्रसाद कोईरालाले नेपाल र चीनका दुई पर्वतारोहण संघहरु बीच भएको यस Protocol हस्ताक्षर स्वयंमा एक ऐतिहासिक हुनुका साथै यसले दुई देश बीचको सम्बन्धमा सुमधुरता ल्याई नेपाल तथा चीनको पर्वतीय पर्यटनको विकासमा गतिलो एवं नया आयाम थप हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

यस भ्रमणले दुई पर्वतारोहण संघ बीचको मित्रवत सम्बन्धलाई निरन्तरता दिई पर्वत र पर्वतारोहण प्रवर्द्धनमा थप बल पुगेको कुरामा नेपाल पर्वतारोहण संघ विश्वस्त छ ।

हिमाली क्षेत्रको वातावरण : विनाशको चपेटामा

❐ पुष्कर माथेमा



लोवुचे शिखर

फोटोः लाक्पा तेन्जिङ शेर्पा

भौतिक धरातलमा उभिएर हेर्दा प्रकृतिको उथलपुथलले जन्माएको एउटा अग्लो र अति चिसो भौगोलिक संरचना मात्रै किन नहोस्, हिमाली श्रृङ्खला सिङ्गो मानव जातिका लागि विशेष आकर्षणको विन्दूका रूपमा स्थापित हुन सफल भएको छ। विश्वकै सवभन्दा पुराना मानिने हिन्दू धर्मका महत्वपूर्ण ग्रन्थहरूमा यी हिमालहरूका सन्दर्भमा विशेष चर्चा गरिएको पाइन्छ भने आजपर्यन्त यिनीहरूको उल्लेख बिना प्रकृतिको सौन्दर्य वर्णन अधूरो नै रहने गरेको छ। यसप्रतिको चासोको कोणमा विगतको तुलनामा भने हिजोआज केही पृथकता आउन थालेको छ। विगतको पुस्ताका लागि यो धार्मिक आस्थाको आधार थियो, सुन्दरताको प्रतिमूर्ति थियो भने पवित्रताको प्रतीक थियो तर आजका पुस्ता हिमाली क्षेत्रलाई वातावरणीय असन्तुलनका कारण जन्मिने परिणामको नमुना वा संकटापन्न पारिस्थितिकीय प्रणालीको उदाहरणका रूपमा बढी हेर्न थालेका छन् र यसको सुरक्षित भविश्यमाथि लाग्न थालेको प्रश्नचिन्हबारे बढी चर्चा हुन थालेको छ। अपार प्राकृतिक स्रोतका कारण हिमालको काखमा मानवीय सभ्यता सुरक्षित रहेको थियो र यसैको आधारमा मानवीय अस्तित्वले सदियौँदेखिको निरन्तरता पाएको थियो। तर आज मानवीय अतिक्रमणकै कारण हिमाललाई आफ्नो अस्तित्व रक्षा गर्न धौ धौ परिरहेको छ। वर्तमान परिप्रेक्ष्यमा हेर्दा हिमाल र मानवबीचको सम्बन्ध आमा र आमाको दूधका लाम्टा लुछ्ने बच्चाहरू जस्तो सम्बन्ध बन्न पुगेको छ।

भारतको उत्तरपूर्वी अरूणाचल प्रदेशदेखि अफगानिस्तानसम्म लमतन्न परेर बसेको करीब दुई हजार पाँच सय किमि लामो हिमाली श्रृंखलाका हिमाच्छादित शिखरहरूले यस क्षेत्रमा पर्ने नेपाल, भारत, चीन, पाकिस्तान, भूटान, बंगलादेश, अफगानिस्तान एवं वर्माको प्राकृतिक वातावरणलाई नै मनमोहक बनाइदिएको छ। करीब छ करोडदेखि सात करोड वर्ष अगाडि पृथ्वीको प्राकृतिक धरातलमा आएको उथलपुथलको प्रतिफल स्वरूप सिर्जना भएको मानिएको हिमाली क्षेत्र भौगर्भिकरूपमा तरूणो एवं पर्यावरणीय दृष्टिकोणबाट संवेदनशील रहेको पाइन्छ। नेपालको ४१.६८ प्रतिशत भूभाग ओगटेर बसेको हिमाली क्षेत्रमा आठ हजार मिटर माथि विश्वको १४ वटा सर्वोच्च शिखरमध्ये सर्वोच्च शिखर सगरमाथा लगायत आठ वटा हिमालहरू रहेका छन्।

मानवीय सभ्यताको मूल जरासँग गाँसिएको हिमाली क्षेत्रले मानिसलाई पानीदेखि खानीसम्मका प्राथमिक आवश्यकताहरू परिपूर्ति गर्नमा अतुलनीय भूमिका निर्वाह गरिरहेको छ भने विविधतापूर्ण पारिस्थितिकीय प्रणालीलाई समेटेर प्राकृतिक सन्तुलन कायम गर्नमा पनि उत्तिकै योगदान पुऱ्याइरहेको छ। दुर्लभ वन्यजन्तुदेखि लिएर वहुमूल्य जडीबुटीको वासस्थान भएको कारणले जैविक विविधताको दृष्टिकोणबाट यसको जति महत्व छ, प्रमुख पर्यटकीय आकर्षणका रूपमा रहेबाट त्योभन्दा कम महत्व आर्थिक दृष्टिकोणबाट पनि छैन।

पृथ्वीको सिङ्गो वातावरणमै पृथक अस्तित्व बोकेर बसेको हिमाली क्षेत्र प्राकृतिक वातावरणीय सन्तुलनको अविभाज्य अङ्ग पनि हो। तर विडम्बनाको कुरा यो छ कि मानवीय अदूरदर्शी क्रियाकलापका कारण यसको आधार र आकाश दुबै विनाशको चपेटामा परिसकेको छ - यसको आधारलाई बलियो बनाउने बन विनाशको शिकार बन्दै गएको छ भने छानोको रूपमा रहेको आकाशमा ओजोनतह पातलिँदै छ। प्राकृतिक अन्तरक्रियाबाट सिर्जना भएको हिमालको विनाश प्राकृतिक कारणले नै हुन असम्भव नभए पनि यो कार्य मानवीय कारणबाट हुन गएमा भविष्यले मानव सभ्यतालाई कहिल्यै माफ गर्ने छैन। तर यो यथार्थलाई अस्वीकार गर्न सकिँदैन कि मानवीय संवेदनशीलताको अभावका कारण सिङ्गो हिमाली क्षेत्र वातावरणीय विनाशको गल्छीमा डुब्दै गइरहेको छ। यस क्षेत्रको तरूण भौगोलिक बनावटका कारण सानै वातावरणीय उतारचढावप्रति पनि यसको पारिस्थितिकीय प्रणाली संवेदनशील हुने भएकोले आज बिग्रँदो हिमाली वातावरण अन्तर्राष्ट्रिय चासोको विषय बन्न पुगेको छ।

भिरालो संरचना लिएर बसेको हिमाली वातावरणलाई ओहोलो लगाउनमा अनियन्त्रितरूपमा भइरहेको जनसङ्ख्या वृद्धि, जनजीवनमा व्याप्त गरीबी, जनचेतनाको अभाव, अदूरदर्शी विकास निर्माणका गतिविधि, तीव्र वनफँडानी, अवैज्ञानिक कृषि प्रणाली, खनिज अन्वेषण, अति चरिचरन, पर्यटकीय गतिविधि आदि कारणहरू प्रमुखरूपमा जिम्मेवार रहेका छन्। वातावरणीय सन्तुलनका लागि अत्यन्त आवश्यक पक्ष भू-स्याहारको परिपाटी उच्च हिमाली क्षेत्रमा शून्य अवस्थामा रहेकोले पनि यसको भविश्य अनिश्चित बन्न पुगेको छ। वातावरणीय सन्तुलनमा उल्लेख्य नकारात्मक प्रभाव पार्नसक्ने यिनै कारणहरूका फलस्वरूप हिजोसम्म स्वस्थ्यताको सँगालो मानिएको हिमाली क्षेत्र भू-स्खलन, पहिरो, माटोको गुणस्तरमा ह्रास, आँशिक मरूभूमीकरण, चरन क्षेत्रको विनाश, पानीको स्रोतमा ह्रास, बाढी, हिमताल विष्फोट जस्ता परिणतिहरूको शिकार बन्दै गएको छ।

यस क्षेत्रमा बसोवास गर्दै आएकामध्ये पचास प्रतिशतभन्दा बढीको आर्थिक स्थिति कमजोर भएका कारण आफ्ना आधारभूत आवश्यकताको परिपूर्तिका लागि प्राकृतिक स्रोतमै निर्भर रहेका छन् भने यो निर्भरताको भारलाई तीव्ररूपमा हुँदै आएको जनसङ्ख्याको वृद्धि दरले झनै बढाई दिएको छ। फलतः आवास क्षेत्रको विस्तार, कृषिका लागि खेती विस्तार, ऊर्जा आपूर्ति पशु आहाराका लागि घाँसपात संकलनका नाममा सीमित मात्रामा रहेका वनक्षेत्र अतिक्रमणको शिकार बन्न पुगेको छ। वनक्षेत्रमा आएको ह्रास, अति चरिचरन, अवैज्ञानिक कृषि प्रणाली जस्ता गतिविधिले गर्दा माटोको कसावमा ह्रास आई बाढी, पहिरो, भू-स्खलन, उर्वराशक्तिमा ह्रास जस्ता वातावरणीय समस्याहरू यस क्षेत्रमा चर्कोरूपमा देखापर्न थालेका छन्। वासस्थान तथा आहाराको कमीका कारण यहाँ परम्परादेखि उपलब्ध अति महत्वपूर्ण जैविक विविधता पनि क्रमशः संकटमा पर्दै गएको पाइन्छ।

हिमाली क्षेत्रमा वातावरणीय समस्या छेलोखेला गराउनमा मानिसको जिज्ञासु मनोवृतिका कारण व्यापकता पाएको पर्यटन उद्योगले पनि उल्लेख्य भूमिका निर्वाह गरेको पाइन्छ। पर्यटकीय गतिविधिले यहाँको वातावरणमाथि दिएको

दवाबलाई दृष्टिगत गर्दा यसको सौन्दर्य यसकै लागि अभिसाप बन्न पुगेको आभास हुन्छ । सन् १९६५ पछि हिमाली पर्वतारोहणमा देखापरेको तीव्र वृद्धिले राष्ट्रको आर्थिक सबलतामा केही मात्रामा योगदान पुऱ्याएको भए पनि वातावरणीय क्षेत्रमा यसले नाचेको ताण्डव नृत्यलाई सकारात्मक मान्न सकिँदैन । एकातिर स्थानीय उपभोगको चपेटामा परिरहेको प्राकृतिक स्रोतको दोहन दरलाई पर्यटकीय आवश्यकताले अझ तीव्र बनाइदियो भने पर्यटकहरूले आफ्नो दृष्टि क्षुधा मेटाउने क्रममा छोड्ने गरेका परित्यक्त वस्तुहरूले यसलाई फोहोरको डुँगुरमा परिणत गर्न थाल्यो ।

हिमाली क्षेत्रको कोमल तथा चिसो वातावरणका लागि विश्वव्यापी समस्याका रूपमा देखिन थालेको मौसम परिवर्तन एउटा ठूलो चुनौतीका रूपमा उभिएको छ । मानवनिर्मित विभिन्न हरितगृह ग्यासको परिमाण वायुमण्डलमा बढ्नुसँगसँगै हुन थालेको विश्वव्यापी उष्णीकरणको प्रभाव हिम क्षेत्रमा पनि देखिन थालेको छ । विगत ४० वर्षमा हिउँ पग्लने गतिमा पाँच सय प्रतिशतले वृद्धि हुनुलाई मौसमविद्हरूले पृथ्वीको तापक्रममा भएको अभिवृद्धिकै परिणाम मानेका छन् भने यसबाट हिमताल निर्माण हुनुका साथै त्यसमा पानी जम्मा हुने गति पनि तीव्र हुन थालेको छ । हिउँ पग्लने गतिमा आएको तीव्रताले हिमालकै दीर्घ अस्तित्वमा प्रश्नचिन्ह सिर्जना गरेको छ भने हिमताल विष्फोटको सम्भावनाले यसमुनिका प्राकृतिक वातावरण तथा त्यसमा आश्रित जीवहरूहरूमाथि संकटको कालो बादल छाइदिएको छ ।

सन् १९३५ देखि सन् १९८५ को बीचमा भएका नौ वटा ठूला हिमताल विष्फोटबाट नेपालका भोटकोशी, अरूण, त्रिशुली, वरूण, भोटेकोशी जस्ता नदीहरूमा ठूलो बाढी आएको थियो । नेपालमा पछिल्लो हिमताल विष्फोट सन् १९९८ को सेप्टेम्वरमा साबाई च्छो हिमताल विष्फोट थियो, जसबाट कोशी नदीमा ठूलो बाढी आएको थियो । जापान विश्वविद्यालयका तोमोमी यामादा होक्काइडोले सन् १९९३ मा गर्नुभएको अध्ययन अनुसार अन्य सात वटा हिमतालहरू निक्कै संवेदनशील अवस्थामा रहेका छन् । ती हुन् - अन्नपूर्ण क्षेत्रस्थित थुलागी, रोल्वालिङ्ग क्षेत्रस्थित च्छो रोल्पा, खुम्बु क्षेत्रको इम्जा, पूर्वी हिमाली क्षेत्रस्थित मोजाङ्ग, दूध कुण्ड र बरूण हिमताल ।

हिमालको वातावरणीय स्वस्थतालाई दिगोपना प्रदान गर्नुपर्ने आवश्यकतामाथि यात्रा लेखकहरूले बेला बेलामा चर्चा गर्ने गरेको भए पनि यसको पक्षमा पहिलो साङ्गठनिक आवाज असीको दशकको शुरूतिर भएको मान्न सकिन्छ । सन् १९८२ मा काठमाडौमा भएको अन्तर्राष्ट्रिय पर्वतारोही संघहरूको संगठनको ४४ औँ अधिवेशनले आफ्नो घोषणापत्रमा हिमाली क्षेत्रमा बढिरहेको प्रदूषणसम्बन्धमा चिन्ता व्यक्त गर्दै हिमाली वातावरण संरक्षणका लागि संगठित कदम परिचालन गर्नुपर्ने, पर्वतीय क्षेत्रका जन्तु, वनस्पतिलगायत विविध प्राकृतिक स्रोतहरूप्रति ध्यान दिनुपर्ने एवं चासोको विषय बनाउनुपर्ने, पर्वतीय क्षेत्रमा मानवीय गतिविधिको नकारात्मक असर घटाउन तयार गरिएका कार्यक्रमलाई प्रोत्साहन दिनुपर्ने, मानिस तथा वातावरणबीचको सम्बन्ध विकास गर्ने सूचना तथा शिक्षा व्यापकरूपमा उपलब्ध गराइनुपर्ने आवश्यकतामाथि जोड दिइएको थियो । यसैगरी सन् १९८३ मा म्युनिखमा सम्पन्न जर्मन पर्वतारोहण क्लबको हिमालय सम्मेलन, सन् १९८३ मा काठमाडौँमा भएको पाटा सम्पदा सम्मेलन, सन् १९८६ मा काठमाडौँमा भएको हिमाली वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी, सन् १९९६ मा काठमाडौँमा भएको आठौँ पाटा साहसिक तथा पर्यावरणीय पर्यटन सम्मेलन, सन् १९९७ मा धुलिखेलमा सम्पन्न भावी हिमालयका लागि नामक अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी, सन् १९९८ मा काठमाडौँमा भएको संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमद्वारा आयोजित हिमाली क्षेत्रीय सहयोग बैठकमा पनि हिमाली पर्यावरण संरक्षणसम्बन्धी विभिन्न पाटाहरूबारे चर्चा गरिएका थिए । वातावरण संरक्षणसम्बन्धमा अभूतपूर्व अन्तर्राष्ट्रिय प्रतिवद्धताका रूपमा देखिएको पृथ्वी सम्मेलन - १९९२ द्वारा पारित एजेण्डा २१ को अध्याय १३ लाई पर्वतीय विकासप्रति समर्पित गरिएबाट अन्तर्राष्ट्रिय प्राकृतिक सन्तुलनमा पर्वतीय वातावरणको महत्व आफै पुष्टि भएको छ । यसै महत्वलाई दृष्टिगत गरेर सन् १९९८ को नोभेम्वर १० मा बसेको संयुक्त राष्ट्रसंघीय ५३ औँ महासभालेसन् २००२ लाई अन्तर्राष्ट्रिय पर्वत वर्षका रूपमा मनाउने निर्णय गरिसकेको छ ।

सन् १९३५ देखि सन् १९८५ को बीचमा भएका नौ वटा ठूला हिमताल विष्फोटबाट नेपालका भोटकोशी, अरूण, त्रिशुली, वरूण, भोटेकोशी जस्ता नदीहरूमा ठूलो बाढी आएको थियो । नेपालमा पछिल्लो हिमताल विष्फोट सन् १९९८ को सेप्टेम्वरमा साबाई च्छो हिमताल विष्फोट थियो, जसबाट कोशी नदीमा ठूलो बाढी आएको थियो । जापान विश्वविद्यालयका तोमोमी यामादा होक्काइडोले सन् १९९३ मा गर्नुभएको अध्ययन अनुसार अन्य सात वटा हिमतालहरू निक्कै संवेदनशील अवस्थामा रहेका छन् । ती हुन् - अन्नपूर्ण क्षेत्रस्थित थुलागी, रोल्वालिङ्ग क्षेत्रस्थित च्छो रोल्पा, खुम्बु क्षेत्रको इम्जा, पूर्वी हिमाली क्षेत्रस्थित मोजाङ्ग, दूध कुण्ड र बरूण हिमताल ।

सन् १९९८ को विश्व वातावरण दिवसलाई संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमले 'पृथ्वीमा जीवनका लागि हाम्रो समुद्रलाई संरक्षण गरौँ' भनी नारा दिएकोमा नेपालमा यसलाई 'पृथ्वीमा जीवनका लागि हाम्रो पहाड पर्वतको संरक्षण गरौँ' भन्ने नारामा समायोजित गरी पर्वतीय वातावरणको पक्षमा जनमत सिर्जना गर्न उपयोग गरिएको थियो । पर्वतारोहणको क्रममा नेपालका हिमालहरू प्रदूषणको चपेटामा नपरून् भन्ने उद्देश्यले पर्वतारोहणसम्बन्धी आचारसंहितामा वातावरण संरक्षणसम्बन्धी विशेष व्यवस्था गरिनुका साथै नेपालको १८ प्रतिशत भूभागमा फैलिएका संरक्षण क्षेत्रहरूमध्ये अधिकाँश हिमाली भूभागमै भएबाट पनि हिमाली वातावरणको संरक्षणमा नेपाल गम्भीर हुन थालेको संकेत पाइन्छ ।

अनियन्त्रित मानवीय दोहन, उपयुक्त नीति तथा प्रविधिको अभाव, हिमाललाई दिनुपर्ने स्याहारसम्भारप्रतिको वेवास्ता नै हिमाली वातावरण अस्वस्थ बन्दै जानुको प्रमुख कारण रहेको सन्दर्भमा यसलाई सकारात्मक मोड प्रदान गर्न जनसङ्ख्या चापलाई नियन्त्रण गर्ने, गरीबी निवारणका लागि आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, वातावरणीय पक्षलाई ध्यानमा राखी विकास निर्माण लगायत पर्यटन कार्यक्रम कार्यान्वयन गर्ने, वैकल्पिक ऊर्जाको विकास गर्ने, पर्यावरणसम्बन्धमा स्थानीय जनचेतना विकास गर्ने, संरक्षण कार्यमा स्थानीय जनशक्ति एवं स्थानीय परम्परागत प्रविधिहरू परिचालन गर्ने, हिमालसम्बन्धी अन्तर्राष्ट्रिय सूचना तथा आर्थिक एवं प्राविधिक सहयोग आदानप्रदानका लागि अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गर्ने जस्ता कार्यहरूलाई प्राथमिकता प्रदान गर्नुपर्ने देखिन्छ । यी कार्यका लागि पर्नसक्ने आर्थिक स्रोतको समस्या निराकरण गर्न हिमालबाट प्राप्त स्रोतको केही अंश सो क्षेत्रको संरक्षणमा खर्च गर्ने रणनीति अपनाउन नसकिने होइन ।

हिमाल हाम्रो सम्पदा

– दिव्या बज्राचार्य

हिमाल हाम्रो प्राण पर्वतारोही हाम्रो शान
हिमाल हाम्रो सम्पन्नता पर्वतारोही हाम्रो फाँट

स्वदेशको पहिचान, राष्ट्रको गरिमा
धर्तीको पहिरन, वीरताको महिमा
हिमाल हाम्रो सम्पदा-पर्वतारोही हाम्रो गौरव ॥

अरु कतै पाइन्न सगरमाथाको काख
अरु कतै पाइन्न धौलागिरीको साथ
नेपालको शीर, राष्ट्रिय गीत
यो-देशको मुटु, विदेशको मीत
हिमाल हाम्रो सम्पदा-पर्वतारोही हाम्रो गौरव ॥

शान्ति क्षेत्र नेपाल हिमालको देन हो
विश्व विख्यात नेपाल हिमालको देन हो
गरौँ संरक्षण नेपाली संस्कृति, संस्कार
पर्वतारोहीको सेवा गरी गरौँ यिनको सत्कार
हिमाल हाम्रो सम्पदा-पर्वतारोही हाम्रो गौरव ॥

अझै तीन चारपटक सगरमाथा आरोहण गर्छु : आपा



आपा शेर्पा श्रीमती याङ्जिग र छोरी आङडिम्मीका साथ फोटो : प्रमि श्रेष्ठ

आपा शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथा ११ पटक सफल आरोहण गरी विश्व कीर्तिमान स्थापना गरेका छन् । १० वर्ष अगाडिसम्म धेरैले नचिनेका आपाले जेजति उन्नति गरे, कीर्ति राखे यहि विगत १० वर्षभित्र गरे । सन् १९९० मा विश्व प्रसिद्ध पर्वतारोही एडभण्ड हिलारीका छोरा पिटर हिलारीसंग पहिलो पटक सगरमाथाको सफल आरोहण गरेका आपाले यस पछिका वर्षहरुमा सन् २००० सममा, सन् १९९६ को वर्ष बाहेक लगालग ११ पटक सगरमाथाको चुचुरोमा पुगे । सन् १९९६ को वर्षमा उनको गाउँमा घर बनाउने काममा लाग्नु परेकोले सगरमाथा आरोहण गर्ने कार्य रद्द गर्नुपरेको कुरा बताउने आपा हाँस्दै भन्दछन् - "म यतिसम्म सफल र प्रसिद्धि पाउँला भन्ने पहिले सोचेको थिइन ।"

सर्वप्रथम सन् १९८७ मा जापानी टोलीसंग अन्नपुर्ण प्रथम (८,०९१ मी.) को आरोहणबाट आफ्नो पर्वतारोहण कार्य शुरु गरेका आपाले उक्त अन्नपूर्ण हिमालको ७,४०० मी. उचाईसम्म मात्र पुग्न सके । यसरी सन् १९८७ देखि १९८९ सम्ममा ४ पक सगरमाथा चढ्ने प्रयास गरे तर प्रत्येक पक जसो ८,००० मी देखि ८,५०० मी. बाट फर्किन परेका आपा १९८९ कै वर्षमा धौलागिरी (८,१६७ मी) को आरोहणमा पनि ६,५०० मी. को उचाँइसम्म पगेर फर्किन परेको थियो । तर सन् १९९० को बसन्त मा स्पेनको टोलीसंग चोयू हिमाल (८,२०१ मी.) को सफल आरोहण गरे भने त्यसपछिका वर्षहरुमा प्रत्येक वर्ष जसो लगातार ११ पटक सगरमाथाको सफल आरोहण भैसकेको छ । सन् १९९२ को वर्ष त उनी २ पटक सगरमाथाको चुचुरोमा पुगें । सगरमाथा बाहेक अरु हिमाल किन आरोहण नगरेको भन्ने जिज्ञासामा आपा भन्छन् - "मलाई सगरमाथा नै बढी मन पर्छ, मेरो झुकाव यसैमा छ । अन्तभन्दा यसमा नाम र दाम दुवै कुराले राम्रो छ ।"

सन् १९६० मा पूर्वी नेपालको सोलुखुम्बु जिल्लाको थामेमा जन्मिएका लोप्साङ शेर्पाका छोरा, आपा शेर्पाकी श्रीमती, २ छोरा र २ छोरीहरु छन् । आपाका ४ दाजुभाइमध्ये उनका साहिला भाई आरिता शेर्पाले पनि आपासंगै सन् १९९५, १९९८ र २००० मा गरी ३ पटक सगरमाथाको चुचुरामा पुगिसकेका छन् । आपा आफ्नो हालको आरोहण पेशमा धेरै जोखिम भए पनि यही काममा लाग्न बाध्य भएको बताउँछन् । तर आफ्ना सन्तानलाई चाहिं यस पेशामामा लगाउन उनी चाहन्नन् ।"म आँफूले राम्रो पढन नपाएकोले मेरा छोराछोरीहरुलाई राम्रो शिक्षा दिन चाहन्छु । अहिले मेरो ठूलो छोरा खुमजुङ गाउँको स्कूलमा ८ कक्षामा पढदछ, अर्को छोरा र दुइटी छोरी काठमाडौंमा श्रीदीवा इण्टरनेशनल स्कूलमा बोर्डरको रुपमा पढ्दैछन्" उनी भन्छन् । आपाका अनुसार उनले ३ पटक सम्युक्त राज्य अमेरिकाको भ्रमण गरिसकेका छन् । उनलाई विदेशमा सगरमाथा धेरै पटक चढेको मान्छे भनेर धेरै सम्मान गरी कुरा गर्न आउँछन्, पत्रकारहरुले पनि अनेक कुरा सोद्धछन् तर शिक्षाको कमीले गर्दा उनीहरुलाई आफूले जानेको, थाहा पाएको कुरा र आफ्नो अनुभव बारे बताउन नसक्दा दुःख लागेको कुरा बताउँछन् । यसैले पनि आपा आफ्ना छोराछोरीलाई महतव दिएर पढाउन चाहन्छन् ।

जहिले पनि विदेशमा हुँदा आफ्नो देश फर्कुफर्कु लाग्ने अनुभव बताउने आपा यो साल पनि साथीहरुको निमन्त्रणामा सम्युक्त राज्य अमेरिकाको भ्रमण गरी भर्खरै जसो आइपुगेका छन् । अमेरिकाको अनुभव सम्झदै आपा भन्छन् -"अमेरिकामा साथीहरुले मलाई अरु साथीहरु र पत्रकारहरुसंग गौरवका साथ सबै भन्दा धेरै पटक सगरमाथाको चुचुरोमा पुगेको व्यक्ति भनेर परिचय गराइदिंदा खुशी लाग्छ तर उनीहरुले नेपालमा मैले पाउने सुविधाबारे सोध्दा जवाफ दिन लाज लाग्छ । यति धेरैपटक सगरमाथामाथि पुग्दा पनि सरकारले केही गरिदिएको छैन र? भनेर अचम्म मानेर सोध्छन् ।" आपाका अनुसार उनलाई नेपालमा पनि शुभेच्छुक तथा नातागोताहरुले बराबर तिमीले सरकारबाट सम्मान, तक्मा पाउनु पर्ने हो भनी जिज्ञासा राख्छन्, तर आपा हाँसेर यसबारे आफूलाई केही थाहा नभएको बताउँछन् । तर कुनै दिन सरकारको तर्फबाट आफ्नो कदर हुने कुरामा आपा आस्वस्त देखिन्छन् । आफ्नो मनमा उब्जिरहेको एउटा इच्छा बारे आपा भन्छन् -"मलाई राजदरवार गई श्री ५

आपाले सफल आरोहण गरेका हिमालहरु

	हिमाल	वर्ष	उचाई (मी.)	टोलीको देश
१.	चोयू	१९९०	८२०१	स्पेन
२.	सगरमाथा (साउथ कोल)	१९९०	८८४८	न्यूजिल्याण्ड
३.	सगरमाथा (साउथ इष्ट)	१९९१	८८४८	यू.एस.ए.
४.	सगरमाथा (साउथ इष्ट)	१९९२	८८४८	यू.एस.ए.
५.	सगरमाथा (साउथ इष्ट)	१९९२	८८४८	यू.एस.ए.
६.	सगरमाथा (साउथ इष्ट)	१९९३	८८४८	यू.एस.ए.
७.	सगरमाथा (साउथ कोल)	१९९४	८८४८	जापान
८.	सगरमाथा (साउथ ईष्ट)	१९९५	८८४८	यू.एस.ए
९.	सगरमाथा (साउथ इष्ट)	१९९७	८८४८	इण्डोनेशिया
१०.	सगरमाथा (साउथ कोल)	१९९८	८८४८	यू.एस.ए.
११.	सगरमाथा (नर्थ)	१९९९	८८४८	यू.एस.ए.
१२.	सगरमाथा (साउथ इष्ट)	२०००	८८४८	यू.एस.ए

महाराजाधिराज सरकारको दर्शन भेट गर्ने ठूलो इच्छा छ, तर कसरी पुग्ने केही थाहा भएन ।"

नेपाली पर्वतारोहीहरुले सगरमाथा आरोहणका क्रममा स्थापित गर्ने कीर्तिमानले उनीहरुको व्यक्तिलाई मात्र नभई नेपालको नाम पनि विदेशमा पुऱ्याइन्छ भन्ने विचार राख्ने आपा अझै ३–४ पटक सगरमाथाको आरोहण गर्न जाने विचारमा छन् । यसबारे उनी भन्दछन् -"अब त उमेरको पनि ख्याल गर्नु पऱ्यो । श्रीमतीले पनि जतिचोटि चढे पनि सरकारले केही गर्दैन भने किन चढ्ने?" तिमी भएनौ भने हामी के गर्ने ? भन्छे । उसको विचार पनि ठीकै हो जस्तो लाग्छ । तर पनि ३-४ पटक अझै सगरमाथाको आरोहण गर्छु । आपालाई आरोहणमा पठाउन नचाहेको कुरालाई स्वीकार्दै आपाकी श्रीमती याङजी शेर्पा भन्छिन् - "अब त आपा हिमाल चढ्न नगए वेश होला । म त वर्षैपिच्छे नजाउ भन्दै आएको छु, ऊ भनेको कुरा मान्दैन । यस विषयमा झगडा त हुँदैन, हामी कहिल्यै झगडा गर्दैनौं ।"

हिमाल चढ्ने क्रममा माथि जाँदा भन्दा तल ओर्लिन गाह्रो अनुभव गर्ने आपाको विचारमा माथि उक्लिने मात्र होइन सफलतासाथ तल वर्लिन पनि सक्नु पर्छ । उनी भन्छन् -"पाइलटले प्लेन माथि उडाउने मात्र हैन, सफलतासाथ ल्याण्डिङ पनि गर्न सकनु पर्दछ ।"


सगरमाथा आरोहण गर्ने क्रममा शुरुका ३ आरोहणहरुमा कृत्रिम अक्सिजन प्रयोग गरेका आपाले त्यसपछिका आरोहणहरुमा कृत्रिम अक्सिजन प्रयोग गरेका छैनन् । अहिलेसम्ममा १६ पटक सगरमाथा चढ्ने प्रयास गरी ११ पटक सफल भएका आपा शेर्पा पहिलो पटक भएकोले सन् १९९० सालको आरोहण नै सबैभन्दा बढी गाह्रो अनुभव भएको बताउँछन् । यस अतिरिक्त आफै बाटो बनाउँदै जानु परेकोले सन् १९९४, १९९५, १९९७ र १९९८ वर्षका आरोहणहरु पनि उनलाई गाह्रो अनुभव भयो । सगरमाथाको शिखरमा उत्तरी मोहडा (चीन) र दक्षिणी मोहडा (नेपाल) दुबैबाट पुग्ने आपाको विचारमा शिखरमा पुग्न नेपालबाट जाँदा ठाडो पर्छ तर बाटो छोटो छ । चीन पट्टिबाट जाँदा बाटो सजिलो र तर टाढा र हावा बढी चल्छ । तर तिब्बतबाट जाँदा केही सजिलो अनुभव हुन्छ उनलाई ।

आपा शेर्पा सगरमाथा मार्गमा हाल धेरै नै सफा भैसकेको बताउँछन् । यस पटक उनी सम्मिलित संयुक्त राज्य अमेरिकाको 'इन्भाएरोनमेण्ट एभरेष्ट एक्स्पिडिसन २०००' ले पनि त्यहाँको सफाई अभियानमा धेरै सघाउ पुऱ्याएको छ । इनभाएरोनमेण्ट एभरेष्ट एक्सपीडिसन २००० अन्तर्गत २२ जना शेर्पाहरु भएको सफाई टोली र अर्को १८ जना शेर्पाहरु र १२ जना आरोहीहरु भएको आरोही टोलीका जेम्स एम. विलियम्स (यू.यस.ए.), फ्रान्कोइज स्लाके (यू.यस.ए.), लिसी रिचर्डसन लेक्नार्ड (हङकङ, चीन) र नेपालीहरुमा आपा र अन्य ९ जना शेर्पाहरु चुचुरोमा पुग्न सफल भए भने साउथ कोल र सोभन्दा माथि रहेका पुराना ६३२ ग्यास सिलिण्डरहरु र क्याम्प एक र दुई बाट मात्र अन्दाजी ८०० अन्य रद्दी सामानहरु तल ल्याइएका छन् । तीमध्ये ४०० केजी जति बाल्न सकिने फोहरहरु नाम्चेमा सगरमाथा पोलुसन कन्ट्रोल कमिटिलाई जिम्मा लगाएर नष्ट गर्न लगाइयो र बाँकी अन्य सामानहरु जस्तै टीन, प्लाष्टिक, पुरानो ब्याट्री, स-साना ग्याँसका ट्याङकीहरु, भरेङका टुक्राटुकीहरु आदि र ग्याँस सिलिण्डरहरु भने काठमाडौं ल्याई सम्बन्धित देश अमेरिका पठाइसकिएको छ । आपाका अनुसार यस पटक धेरै नै सफा भएको छ किन भने प्रतिकिलो ७ अमेरिकी डलर पाउने भएकोले शेर्पाहरुले धेरै मिहिनेत गरी तल ल्याए ।

यसो हेर्दा दुब्लो-पातलो, बोल्नमा नम्र र लजालु, व्यवहारमा सरल स्वभावका सांहिला आपा शेर्पाले हिमाल आरोहण जस्तो कठीन कार्य त्यसमा पनि विश्वको नै सबैभन्दा अग्लो हिमाल सगरमाथा यतिका पटक चढेको सुन्दा जो कोही पनि आश्चर्य हुन सक्दछ । आपा अझै अघि बढदैछन् । आपालाई शुभकामना !

नाम :	: आपा शेर्पा
जन्म मिति :	सन् १९६०
शिक्षा :	कक्षा ४
तालिम :	कुनै औपचारिक पर्वतारोहण सम्बन्धी तालिम लिएको छैन
पेशा :	पर्वतारोहण
परिवार :	श्रीमती याङजी शेर्पा, २ छोराहरु (वर्ष १३ र ११) र २ छोरीहरु (वर्ष ९ र ६)
रुची :	चलचित्र हेर्ने
तक्मा / सम्मान : -	टान अन्तर्राष्ट्रिय सगरमाथा पुरस्कार (रु. १०,००० सहित) सन् १९९९ - पासाङ ल्हामु विशेष पर्वतारोहण युवा सम्मान पुरस्कार, सन् २०००
जानेको भाषा :	नेपाली र अंग्रेजी
भ्रमण :	संयुक्त राज्य अमेरिका, जापान जनवादी गणतन्त्र चीन ।
मन परेका रंग :	नीलो र खैरो ।
मन परेको नेता / व्यक्ति :	नेपाललाई विश्वमा चिनाउने स्व तेन्जिङ नोर्गे शेर्पा ।
उद्देश्य :	युवा पिंढीलाई पर्वतारोहण तालिम दिने ।
पहिलो आरोहण :	अन्नपूर्ण प्रथम (८०९१ मी) तर असफल (सन् १९८७ मा ठ,४०० मी.उचाईसमम पुगेको)
पहिलो पटकको सगरमाथाको टाकुरामा अनुभव : -	वास्तवमा यस पटक धेरै पटकको प्रयास पछि सफल भएकोमा धेरै खुशी लाग्यो । प्रयास गरिरह्यो भने जीवनमा सफलता पाइने रहेछ भन्ने लाग्यो र मलाई यो पहिलो पटकको सफलतामा एघारौ पटकको सफलता भन्दा बढी खुशी लागेको थियो ।
बिर्सन नसकिने घटना :	अहिलेसमम त्यस्तो घटना थाहा पाएको छैन ।
ठेगाना :	(क) थामे, नाम्चे गा.वि.स., सोलुखुम्बु जिल्ला, नेपाल । (ख) ज्याठा, काठमाडौं,
फोन :	२४७७५०
दस्तखत :	आपा शेर्पा

- डा. हरिप्रसाद श्रेष्ठसँगको कुराकानीमा आधारित



सगरमाथा क्षेत्रको आकर्षण तेङबोचे गुम्बा

पर्यटन र पदयात्राका चुनौतीहरु


❒ बमसिंह राणाभाट

विश्व मानचित्रमा नेपाल एउटा अत्यन्तै सुन्दर देशको रुपमा चिरपरिचित छ । उत्तरतिर लमतन्न परेको सेतो हिमाल, मध्य भागमा हरिया जंगलहरुले ढाकिएका मनोरम पहाडहरु र तल दक्षिणतर्फ तराईको समतल मैदानले नेपालको प्राकृतिक सुन्दरतामा ज्यादै नै ठूलो प्रभाव पारेको छ । विभिन्न नदीनाला, छहरा र तालहरुले गर्दा पनि नेपालले सारा संसारमै ठूलो प्रसिद्धि कमाएको छ । हिमालदेखि तराईम्मका कुना काप्चामा छरिएर रहेका अनगिन्ति जातजातिहरुको विभिन्न परम्परागत संस्कृति, धर्म, भाषा र भेषभूषाले पनि नेपालपृतिको विदेशीहरुको आकर्षक प्रभावकारीरुपमा बढेको छ । नेपालको प्राचीन मठ, मन्दिर, गुफा एवं वास्तुकलाले त सबैको ध्यान अत्यन्तै गहिरो ढंगमा खिचेको पाइन्छ । ठूलाठूला खोंच, वेंसी र गोरेटो घोडेटो बाटाघाटेहरुले त मनमोहकतामा थप सुन्दरता पनि प्रदान गरेको देखिन्छ । विविध प्रकारको हावापानीले ओतप्रोत रहेको नेपालमा विभिन्न चराचुरुङ्गी, वन्यजन्तु र हजारौं प्रकारका रुख विरुवा एवं वहुमूल्य जडिबुटीहरु सहितका विशाल निकुञ्जहरु समेत स्थापित भइसकेका छद्धन् । यसका अतिरिक्त विभिन्न धर्मावलम्बीहरु बीच पनि अहिलेसम्म अभूतपूर्व एकता, समन्वय र समझदारी पनि कायम भएको देखिन्छ । अनेकतामा एकतानै नेपालको सर्वाधिक प्रशंसनीय विशेषता सावित हुँदै आइरहेको छ । त्यतिमात्रै नभएर नेपालमा ८३ हजार मेघावाट विद्युत् उत्पादन गर्न सकिने अपार जलस्रोतको भण्डार पनि छ । यस हिसाबले जलस्रोतको क्षेत्रमा नेपाल, ब्राजिल पछिको दोस्रो धनी राष्ट्र मानिएको छ । तर त्यति ठूलो जलस्रोतको भने प्रभावकारी र फलदायी ढंगमा उपयोग हुन सकिरहेको भने देखिएको छैन । शान्तिका अग्रदूत भगवान् बुद्धको जन्मथलो पनि नेपाल नै हो । यी र यस्ता अनगिन्ति आकर्षणहरुकै कारण नेपाल विश्वकै पर्यटक र पदयात्रीहरुका लागि आकर्षणको केन्द्र विन्दु नै हुन पुगेको हो भन्दा शायद कुनै अतिशयोक्ति नठहरिएला नै ।

वास्तवमा नेपालले पर्यटन क्षेत्रको विकासमा प्रशस्त ध्यान केन्द्रित गरेर द्रुतगतिमा काम गर्नुपर्ने बेला आएको छ । विदेशी मुद्राको प्रमुख आयस्रोतको रुपमा रहेको पर्यटन क्षेत्रको विकास र विस्तार हुनसकेन भने नेपाल दिनप्रतिदिन गरीब भएर जाने निश्चित नै छ । अन्य कतिपय क्षेत्रमा विदेशीहरुको हस्तक्षेप बढ्दै गइरहेको भएता पनि पर्यटन भनेको एउटा त्यस्तो क्षेत्र हो जहाँ कसैले हस्तक्षेप गर्ने कुनै सम्भावना नै छैन । अर्कोतिर पर्यटन क्षेत्रको विकास गर्नाले प्रशस्तमात्रामा विदेशी मुद्रा आर्जन गर्न पनि सकिने छ । पर्यटनको क्षेत्रबाट केही समयसम्म मुलुकले विदेशी मुद्राको आर्जन नगरेको पनि होइन । तर हालका केही समययतादेखिको नेपालको विभिन्न समस्यामूलक परिस्थितिले भने पर्यटन क्षेत्रको विकासमा अत्यन्तै प्रतिकूल र नकारात्मक असरहरु देखिन थालेकोलाई शायद कसैले पनि अस्वीकार गर्न सक्दैन । वास्तवमा नेपालमा विदेशी पर्यटकहरुको ओइरो लाग्ने धेरै कारणहरु छन् । कोही राजधानी काठमाडौं र रमणीय पोखराको दृश्य मात्रै हेरेर फर्कने गर्छन् । कोही ललितपुर, भक्तपुर र काठमाडौंका मठमन्दिर र ऐतिहासिक स्थलहरुको दृश्यावलोकन गर्न कै लागि मात्रै आउने गर्छन् । कोही पोखरादेखि जोमसोमसम्म त कोही नाम्चे, कालापानी र सगरमाथाको वेश क्याम्पसम्म पदयात्रा गर्न रुचाउँछन् । गोसाइकुण्ड, हुम्ला, डोल्पा, लम्जुङ, लाङटाङ र जिरी लगायतका कतिपय क्षेत्रमा विदेशी पर्यटकहरुले पदयात्रा गरेर रमाउने गरेका छन् । यस्ता महत्वपूर्ण पर्यटकहरु र पदयात्रीहरुको संख्या वर्षेनि निरन्तर बढ्दै जानु पर्नेमा झन् झन् घट्दै गइरहेको देखिनुका प्रमुख कारणहरु के के हुन् ? त्यसतर्फ घोत्लिएर गम्भीरतापूर्वक सोच्नु पर्ने अवस्था आएको छ । केवल सोच्ने मात्रै नभएर सम्बन्धित जिम्मेवार क्षेत्रले तुरुन्तै आवश्यक सुधार समेत गरिहाल्नु पर्ने गम्भीर चुनौती पनि छ ।

वास्तवमा यसो हेर्दा सानो जस्तो देखिने समस्याले विदेशी पर्यटकहरुलाई ठूलो दिक्दारी र हैरानी पारिरहेको हुन्छ । आज थाइलैण्ड, चीन, भारत, इन्डोनेसिया, सिंगापुर, ताइवान र मलेसिया जस्ता मुलुकहरुले ठूलो मात्रामा विदेशी पर्यटकहरुलाई आकर्षित गरेर विदेशी मुद्रा आर्जन गर्दै चरम प्रगतिको दिशातर्फ लम्कँदै गरेको हामी सबै नेपालीले देख्दै आइरहेका छौं । यी देशहरुले अत्यधिक मात्रामा विदेशी पर्यटकहरुलाई किन र कसरी आकर्षित गर्न सके त ? भन्ने कुराका बारेमा अहिलेसम्म नेपालको सम्बन्धित क्षेत्रले कुनै पनि खालको गम्भीर अध्ययन र अनुसन्धान गर्न नसकेको देखिंदैछ । ती देशहरुले अपनाएका र अपनाउँदै आएका राम्रा राम्रा कुराहरुको अवलम्बन गर्दै अघि बढ्नु पर्नेमा त्यसो हुन नसकेर दैवको भरोसामा पर्यटन क्षेत्रलाई त्यसै छोडिदिनु दुर्भाग्यको कुरा बाहेक अर्थोक केही हुन सक्दैन ।

विदेशी पर्यटकहरुलाई आकर्षित गर्न धेरै महत्वपूर्ण र आधारभूत कुराहरुमा गम्भीर ध्यान केन्द्रित गर्नैपर्ने हुन्छ । सबैभन्दा पहिलो मुलुकभित्र पूर्णतया शान्तिसुरक्षा कायम गर्न सक्नुपर्छ । मुलुकभित्र हत्या, हिंसा, आतंक र लुटपिट बढ्दै गएको कुराको सन्देश विदेशमा पुग्न थाल्यो भने त्यसले पर्यटन क्षेत्रको विकासमा निश्चय पनि नकारात्मक असर पारिरहेको हुन्छ । सबैभन्दा ठूलो कुरा त मुलुकको समग्र राजनीति, राजनीतिक अभ्यास एवं क्रियाकलापमा देखिदै जान थालेको राजनीतिक अस्थिरतालाई पूर्णरुपमा निर्मूल पारेर मुलुकमा राजनीतिक स्थिरता कायम गर्नुपर्ने टड्कारो आवश्यकता छ । मुलुकको राजनीति नै सदैव अस्थिर रहिरहन्छ र मुलुकमा लामो समयसम्म राजनीतिक स्थिरताको अभाव कायमै रहिरहन्छ भने त्यस्तो अवस्थामा मुलुकले मूलबाटो पक्रन सक्दैन । यस्तो अवस्थाले पर्यटक र पदायात्रीहरुलाई कदापि पनि आकर्षित गर्न सक्दैन । यो आलोचना विषय नभएर वास्तविक समस्याको जरो पत्ता लगाउन खोजिएको मात्रै हो । किनभने आज देश



फेरिचे पिक क्षेत्र : हिमाली क्षेत्रको पदयात्रा गर्न अब निकै सजिलो भएको छ ।

भित्रैका केही ठाउँहरुमा विदेशी पर्यटक र पदयात्रीहरु लुटिएका समाचारहरु पनि सार्वजनिक भइरहेका छन्। कतिपय जिल्लाहरुमा माओवादीहरुको बढ्दो क्रियाकलापले विदेशी पदयात्रीहरुले यात्रा समेत गर्न छोडिसकेको देखिएको छ। वास्तवमा यसप्रकारका गम्भीर समस्याहरुको समाधानमा मुलुकका सबै प्रमुख राजनीतिक दलहरु एकजुट भएर अघि बढ्नु पर्ने अनिवार्य आवश्यकता छ।

सबैभन्दा ठूलो समस्या त बारम्बारको नेपालबन्द उत्पन्न गरेको देखिएको छ। नेपालबन्दा गर्ने वित्तिकै पर्यटकहरुले ठूलो समस्या वेहोर्नु परिरहेको छ। रमाइलो गर्न आएका पर्यटकहरुले उल्टै दुःख पाउनुपर्छ भने ती किन फेरि फेरि पनि नेपाललाई सम्झेर आउँछन् ? कत्तिले त आफ्नो भ्रमण छोटट्याएर पनि फर्केको देखिएको छ। पदयात्रामा गएका बखत कतिपय पदयात्रीहरु हराउँने गरेको कुरा पनि हामी सबैको जानकारीमा नभएको विषय होइन। केही दिन अगाडि मात्रै होटल व्यवसायी र मजदूरहरुबीच दश प्रतिशत सेवा शुल्कको विषयलाई लिएर हड्ताल भयो। शुरुमा होटल मजदूरहरुले हड्ताल गरे। त्यसपछि होटल व्यवसायीहरुले हड्ताल गरिदिए। एकदिन सम्पूर्ण होटलहरु बन्द गरिंदिदा त्यहाँ बस्दै आएका विदेशी पर्यटकहरुलाई अप्रत्याशित रुपमा होटल छोडेर जाउ भन्दा उनीहरुमाथि कस्तो बज्रपात आइलाग्यो होला ? त्यसका बारेमा कसले सोच्ने ? यस्तो आतंक फैलाएपछि देश विदेशमा कस्तो सन्देश गयो होला ? के यसप्रकारको नीति, रणनीति र व्यवहारले नेपालको वदनाम हुन गयो कि सुनाम फैलिन गयो होला ? अझै पनि त्यो समस्या समाधान भइसकेको छैन। क्यान्सर रोग लागिसकेपछि समस्याको समाधान खोज्ने प्रयासले सिर्फ असफलता बाहेक केही हात पर्दैन भन्ने कुरा नबुझ्ने को पो छ होला र ? एकातिर नेपालबन्द र अर्कोतिर विभिन्न प्रकारको शैली बोकेको हडतालले नेपालको सामाजिक, राजनीतिक र आर्थिक परिस्थितिलाई डाँवाडोल र अस्तव्यस्त बनाउँदै लगेको तर्फ सर्वत्र चिन्ता जाहेर हुनुलाई कदापि पनि अस्वाभाविक मान्न सकिदैन। परिणामस्वरुप देशमा वैदेशिक लगानी निरन्तर घट्दै जाने सम्भावना बढ्दै गइरहेको छ भने भारतीय विमानको अपहरण लगायत होटलहरुले गरेको हडतालका कारण भारतीय पर्यटकहरुको आगमनमा पनि ठूलो ह्रास आएको देखिन थालेको छ। एकातिर मुलुकमा ठूला खाले नयाँ होटलहरु खुल्दै जानु अर्कोतिर विभिन्न कारणहरुले गर्दा विदेशी पर्यटकहरु नेपालमा आउन असमर्थ देखिनुले पर्यटन क्षेत्रको भविष्य उज्यालो छ नै भनेर भन्न नसकिने टड्कारो अवस्था देखापरेको छ। यस्तो अवस्थाबाट पार पाउन सबैले गम्भीर भएरै सोच्नु पर्ने अवस्था आइलागेकोलाई अस्वीकार गर्ने ठाउँ छैन।

वास्तवमा पर्यटक आवागमनमा वृद्धि गर्न सानातिना कुराहरुमा पनि ध्यान पुऱ्याउनै पर्ने आवश्यकता छ। सानो कुराले पनि पर्यटकलाई ठूलो असर पारिरहेको हुन्छ। पर्यटकहरु प्रवेश गर्ने शुरुकै प्रवेश द्वारहरु त्रिभुवन विमानस्थल लगायत अन्य कतिपय नाकाहरुमा पर्यटकहरुलाई अनावश्यक झन्झटमा अल्मल्याएर ठूलो दुःख दिने गरिन्छ। विमानस्थलबाट बाहिर निस्कन नै घण्टौं लगाइदिने गरेको पनि देखिएको छ। पर्यटक सूचना केन्द्रहरु नाममात्रका छन्। त्यस्ता सूचना केन्द्रहरु अव्यवस्थित त छँदै छन् भने अधिकांश समय त्यस्तो केन्द्रमा कोही पनि मान्छे भेटिने गर्दैनन्। कथंकदाचित भेटिए पनि या त नेपाली र हिन्दी बोल्ने गर्छन्। होइन भने अंग्रेजी बोल्दै बोल्दैनन्। बोली हाले पनि कनिकुथी बोलेको अंग्रेजी पर्यटकहरुले बुझ्दै बुझ्दैनन्। त्यसपछि बल्लबल्ल बाहिर निस्कन भ्याएका पर्यटकहरुलाई बाघले बाखोलाई झम्टे झैं गरी विभिन्न ट्राभल एजेन्सी र होटलका एजेन्टहरुले खोसाखोस र तानातान गर्ने गर्छन्। यस्तो व्यवहारबाट पर्यटक हैरान बनेपछि उनीहरु शुरुमै निराश बन्न पुग्छन्। त्यसैगरी विदेशीहरु आफ्नो स्वास्थ्यप्रति उत्तिकै संवेदनशील हुने गर्छन्। तर विमानस्थल लगायत वरपरका क्षेत्रमा नेपालीहरुले खाक्क खुक्क गरेर थुकेको, जथाभावी चुरोट खाएर ठूटाहरु फ्याँक्ने गरेको एवं ठूला ठूला स्वरले कराउने गर्दा पर्यटकहरुमा नेपालप्रति नकारात्मक धारणा वृद्धि हुन जानु स्वाभाविक नै हुन्छ। सुरक्षार्थ बसेका कतिपय प्रहरी त अंग्रेजी ठ्याम्मै बोलिदिदैनन् जसलाई पर्यटकहरुले बढी भरपर्दो र विश्वासिलो ठानेका हुन्छन्। काठमाडौंभित्र छिरेपछिको कथाव्या झन् उदेशलाग्दो हुने गरेको छ। राजधानीको शहर चोक र गल्ली गल्लीमा दुर्गन्धित फोहरको थुप्रो देखेर पर्यटकहरुले नाक खुम्चयाएर हिंड्ने गरेको देखिन्छ। सिंगापुरको एअरपोर्टमा एउटा चुरोटको ठूटो कसैले फ्याँक्यो भने ५० डलरभन्दा बढी नै जरिवाना गर्ने गरिन्छ भने हाम्रो देशमा फोहर गर्नेलाई कुनै दण्ड जरिवाना गरिदैन। देशलाई शान्त, सफा सुग्घर र सुरक्षित घरको रुपमा राख्नुपर्छ भने पदयात्रीहरुको सुखसुविधामा पनि प्रशस्त ध्यान पुऱ्याउनै पर्दछ। अहिले त झन् हडताल गर्ने वहानामा सडक र गल्लीहरुमा टायर बालेर जताततै कालो पारिएको छ। यसले स्वास्थ्यमा गम्भीर असर पार्छ नै। तसर्थ पर्यटक र पदयात्रीहरुको सुरक्षा एवं स्वास्थ्यको ख्याल गरेर उनीहरुलाई सक्दो सुखसुविधा उपलब्ध गराउन विभिन्न नीति, रणनीति र कार्यक्रमहरुको घोषणा गर्नैपर्ने अनिवार्य आवश्यकता देखिएको छ। समय छँदै सोच्न सकिएन भने मुलुकले नकारात्मक परिणामहरु वेहोर्दै जानुपर्ने प्रायः निश्चित नै छ।

लाङटाङमा पर्वतारोहण प्रशिक्षण सञ्चालन

नेपाल पर्वतारोहण संघको आयोजनामा सिंगापुर को ***Springfield Secondary School*** का १५ जना छात्र तथा छात्राहरुलाई पाविल ट्रेक्स (प्रा) लि. को अनुरोधमा पर्वतारोहण सम्बन्धी आधारभूत ज्ञान दिलाउने उद्देश्यले आधारभूत पर्वतारोहण तालिम गत डिसेम्बर ३ देखि १८, २००० सम्म रसुवा जिल्लाको लाङटाङमा संचालन गरिएको थियो। उक्त प्रशिक्षणका सहभागी प्रशिक्षार्थीहरुलाई २०५७ पौष ८ गते पर्यटन विभागका पूर्व महानिर्देशक प्रचण्डमान श्रेष्ठज्यूले एक समारोह बीच प्रमाणपत्र वितरण गर्नुभयो। श्री श्रेष्ठले समुद्रले घेरिएको देश सिंगापुर र हिमालै हिमालले ढाकिएको देश नेपाल बीच यस प्रकारको सहयोगको आदान प्रदान हुनु अति आवश्यक रहेको सन्दर्भमा नेपाल पर्वतारोहण संघ र सिंगापुरको विद्यालयबाट शुरुवात हुनु खुशीको कुरा हो भन्नुहुँदै यसलाई निरन्तरता दिनु पर्ने कुरामा जोड दिनुभयो। विश्वमा आठ हजारभन्दा माथिका १४ वटा हिमालहरु मध्ये विश्वको सर्वोच्च शिखर सगरमाथा लगायतका ८ वटा हिम शिखरहरु नेपालमै भएको स्मरण गराउनुभयो।

कार्यक्रममा संघका अध्यक्ष टाशी जाङबु शेर्पाले नेपाली प्रशिक्षकहरुबाट पहिलो पटक विदेशी प्रशिक्षार्थीहरुलाई प्रशिक्षण दिन पाउनु गौरवको विषय रहेको बताउनु हुँदै नेपाली प्रशिक्षकहरुले पनि विदेशीहरुलाई तालिम दिई पर्वतारोहण कलामा दक्षता हासिल गराउन सक्छन् भन्ने कुरा सिद्ध भएको व्यहोरा अवगत गराउनु भयो। यस कार्यक्रमले नेपाली पर्वतारोहीहरुको उत्साहमा थप ऊर्जा मिल्ने कुरामा विश्वास व्यक्त गर्नुभयो। उहाँले सिंगापुर हाइटेकमा अग्रणी रहेता पनि आगामी दिनमा सिंगापुरका जनताहरु नेपालका हिमालहरुप्रति आकर्षित हुनेछन् भन्ने कुरामा विश्वास व्यक्त गर्नुभयो।

सोही समारोहमा संघका महासचिव भूमिलाल लामाले करीव ६ वर्ष अगाडि यस प्रकारको तालिम संचालन गर्ने संघको सोच रहेता पनि यसलाई यस वर्ष मात्र मूर्तरुप दिन सकिएको व्यहोरा बताउनु भयो। पाविल ट्रेक्सले यस्तो अनुकरणीय उदाहरण पेश गरी महत्वपूर्ण भूमिका खेली यस कार्यक्रमलाई शुरुवात गरेकोमा धन्यवाद दिनु हुँदै यसलाई आगामी दिनहरुमा विभिन्न सहयोगी ट्रेकिङ एजेन्सीहरुको सहयोगमा निरन्तरता दिइने जानकारी गराउनु भयो।

सो कार्यक्रममा ***Springfield Secondary School*** का प्रिन्सिपल ***Mrs. Ang*** तथा ***Pabil Treks*** का महाप्रवन्धक तेन्जिङ नोर्बु शेर्पाले पनि आआफ्नो मन्तव्य व्यक्त गर्नुभयो। उक्त प्रशिक्षण कार्यमा संघका प्रशिक्षकहरु प्रेम गुरुङ, किलु तेम्वा शेर्पा तथा सहायक प्रशिक्षक दाछिरी शेर्पाले प्रशिक्षण दिनुभएको थियो।

नेपाल पर्वतमा आफ्ना लेखरचना, सुझाव तथा विज्ञपन उपलब्ध गराई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौ ।

सगरमाथामा घण्टौं घस्दा निकै खुशी लाग्यो : बाबुछिरि

बाबुछिरी शेर्पा पर्वतारोहण क्षेत्रमा अत्यन्त सशक्त रुपले अघि बढिरहेको नेपाली युवाको नाम हो । सगरमाथाको टाकुरामा अहिलेसम्म कसैले एक घण्टा भन्दाबढी समय बिताउन नसकिरहेको अवस्थामा बाबुछिरीले गत वर्ष (६ मे, १९९९) मा बिना अक्सिजन सगरमाथाको शिखरमा २१ घण्टा बिताएर विश्वमा अत्यन्त नौलो कीर्तिमान स्थापना गरेका थिए भने यस वर्ष सगरमाथा आधार शिविरबाट यसको शिखरमा (२१ मे, २०००) का दिन अहिलेसम्मको सबैभन्दा छिटो गति अर्थात कम समयमा, १६ घण्टा ५६ मिनेट मा पुगेर अर्को विश्व कीर्तिमान स्थापना गरी चर्चित पर्वतारोही बनेका छन् । यस अतिरिक्त बाबुछिरीले सन् १९९५ र १९९९ का वर्षहरुमा दुई-दुई पटक एउटै ऋतुमा दुई पटक सगरमाथाको शिखरमा पुग्ने व्यक्तिको रुपमा पनि कीर्तिमान स्थापना गरेका छन् । उनले हालसम्ममा १० पटक सगरमाथाको शिखरमा पुगी आपा शेर्पा पछि र आङरिता शेर्पाको समकक्षमा आफूलाई पुऱ्याएका छन् ।

बाबुछिरीलाई पहिले यति चर्चित र सफल पर्वतारोहीको अवस्थामा पुगुंला भन्ने लागेको थिएन । उनी भन्छन् -"मलाई आफ्नो पर्वतारोहण क्षेत्रमा केही गर्छु भन्ने आँट त थियो तर सफल नै हुँला भन्ने विश्वास थिएन । यसमा हावापानी, परिस्थिति सबै मिलेर यसको सहायताबाट सफल भएँ, यो सबै मलाई भगवानको आशीर्वादले भएको जस्तो लाग्छ ।" अझै अरु कीर्ति बनाउने बारे बाबुछिरी भन्छन्, अहिले मैले यस बारेमा सोचेको छैन, मुख्य कुरा स्पोन्सरको हुन्छ । स्पोन्सर पाएमा विचार गर्ने छु ।"

बाबुछिरीका अनुसार यस वर्षको "माउण्ट एभरेष्ट स्पीड एक्स्पीडिसन २०००" का लागि स्पोन्सर गर्न अरुलाई पनि भनेको थिएँ तर उति वास्ता गरेनन् र कसै, कसैले २५, ३० हजार लैजाउ भनेर टारे । तर यसको लागि अमेरिकाको माउण्टेन हार्डवेयर र गोरखा एयरलाइन्सले स्पोन्सर गरी राम्रो सहयोग गरेकोमा उनी सन्तुष्ट छन् । सरकारबाट खासै उनलाई प्रोत्साहन नभए पनि यस पटकको माउण्ट एभरेष्ट स्पीड एक्सपीडिसन २००० मा सलामी दस्तुर नलिएको बताउँछन् । आफ्ना दाजु भाइहरु तथा श्रीमतीबाट आफ्नो प्रयासमा आवश्यक प्रोत्साहन पाउने गरेकोमा उनी सन्तुष्ट छन् ।

आफ्नो पेशा बारेमा बाबुछिरी भन्छन् - "पहिलेदेखि नै गरि आएको हुनाले यो हिमाली क्षेत्रमा गरिने मेरो पेशामा म सन्तुष्ट छु । विदेशीहरुलाई पनि सहयोग गर्न पाएकोमा खुशी लाग्छ ।" बाबुछिरीको यो साल मे महिनामा २ पटक सगरमाथा आरोहण गर्ने योजना थियो तर एक पटक मात्र सफल भए । गत मे महिनामा भएको उनको माउण्ट एभरेष्ट स्पीड एक्सपीडिसन २००० अगाडि -मे ६, २०००) मा पनि उनले सगरमाथा आरोहण गर्ने प्रयास गरेका थिए, भोलिपल्ट राती ३ बजे ८,५०० मि. को उचाईमा पुग्दा हिउँ धेरै परेको, आकाश गर्जेको, बिजुली चम्किरहेको र चट्याङ पर्न सक्ने सम्भावना र वातावरण डरलाग्दो भएकोले उनी फर्के । आधार शिविरमा आराम गर्न ५,६ दिन लाग्यो त्यसपछि पनि मौसम राम्रो हुन नसकेको कारणले उनले

नाम :	बाबुछिरी शेर्पा
जन्म मिति :	८ असार, २०२२ (22 Jung, 1965)
शिक्षा :	स्कूल गएको छैन, सामान्य लेखपढ
तालिम :	पर्वतारोहण सम्बन्धी कुनै पनि तालिम पाएको छैन (तर उनको विचारमा पेशाका लागि पूर्व तालिम भएमा धेरै वेश हुन्छ)
पेशा :	पर्वतारोहण तथा अध्यक्ष - Nomad Expeditions (Himalayan Adventure Travel Specialists)
परिवार :	श्रीमती र वर्ष २ देखि १४ सम्मका ६ छोरीहरु ।
रुची :	संगीत
पदक सम्मान :	- राष्ट्रिय प्रतिभा पुरस्कार (रु. १५,००० सहित) - उत्कृष्ट युवा पुरस्कार (रु. २०,००० सहित) - प्रशंसा पत्र तथा नगद पुरस्कार रु. १,२१,१२१ सहित नेपाल पर्वतारोहण संघबाट - अन्तराष्ट्रिय सगरमाथा पुरस्कार (रु. १०,००० सहित) टानबाट सन् २०००मा - पासाङ ल्हामु युवा सम्मान पुरस्कार, सन् २००० मा
जानेको भाषा :	शेर्पा, नेपाली र अंग्रेजी
भ्रमण :	क्यानाडा, जनवादी गणतन्त्र चीन, भारत, इटाली, मेक्सिको, पाकिस्तान र सम्युक्त राज्य अमेरिका ।
मन परेको रंग :	हरियो
मन परेको नेता / व्यक्ति :	तेन्जिङ नोर्गे शेर्पा, जसले पहिलो पटक सगरमाथा आरोहण गरे अरुलाई बाटो देखाए ।
उद्देश्य :	आफ्नो गाउँमा शैक्षिक क्षेत्रको विकास गर्न स्कूल स्थापना गर्ने ।
पहिलो आरोहण :	मेरा पिक (६,६५४ मि.) सन् १९८८ मा ।

पहिलो र पछिल्लो पटक सगरमाथाको टाकुरामा भएको अनुभव :

सबैभन्दा पहिले सगरमाथाको टाकुरामा सन् १९९० मा फ्रेन्च एभरेष्ट एक्स्पीडिसनमा मार्क वटार्डसंग गएको थिएँ । त्यसबेला मार्क वटार्डको सगरमाथाको टाकुरामा ८ घण्टा बिताउने र त्यसपछि ल्होत्से हिमाल चढ्ने योजना थियो । अरु शेर्पा साथीहरुको साथमा ऊ टाकुरामा पुग्यो र सबै आवश्यक सामानहरुको बन्दोबस्त गरी साथीहरु तल वर्लिए । म साउथ कोलमा थिएँ, र म पनि माथि पुग्न पाए हुन्थ्यो भन्ने आशा थियो र प्रतिक्षामा थिएँ । करीव १ घण्टा पनि नबसी नसकेर मार्क वटार्ड तल वर्लियो र मैले उसलार्य म जान चाहेको कुरा भने पछि जाने भए जाउ भन्यो र म एक्लै गएँ र टाकुरामा पुगें । त्यसबेला मैले जान नपाउँला भन्ने सोचेको थिएँ, तर जान पाएको मा धेरै खुशी अनुभव भयो । त्यहाँ उसले सबै सामान छोडेर आएको थियो, बाकीटाकी पनि खुल्ला नै थियो । ती सबै सामानहरु मैले बोकेर तल ल्याउँ, र मार्क वटार्डले खुशी भई धन्यवाद थियो । वटार्डको पछि टाकुरामा ८ घण्टा बस्ने भन्ने विचारबाट प्रेरित भएर नै मैले सन् १९९९ मा टाकुरामा २१ घण्टा बिताएर विश्व कीर्तिमान राखेको हुँ ।

पछिल्लो सगरमाथा आरोहण गर्दा भने मैले हाम्रो देश सानो भए पनि विश्वको अगाडि ठूलो कीर्तिमान राख्न सकें भन्ने अनुभूति गरें । तर १० पटक सगरमाथा चढ्दा सबैभन्दा बढी खुशी भने २१ घण्टा बिताउँदाको पटक लाग्यो भने १०औं पटक पछि काठमाडौंमा भएको विजय ज्याली र सम्मान सबैभन्दा ठूलो लाग्यो । यसका लागि म मेरा शुभ चिन्तकहरु र संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

जीवनमा बिर्सन नसकिने घटना : गत वर्ष सन् १९९९ मा सगरमाथाबाट ओर्लिदा खुम्बु आइसफलमा भऱ्याङ फुस्किएर करीव २० मिटर तल खसेर डोरीमा झुण्डिएँ । मैले लुगा, स्लिपिङ ब्याग, बाकीटाकी, खाली अक्सिजनका सिसीहरु १५ वटा गरी करीव २५-३० किलो भारी बोकिराखेको थिएँ । पछि ती सबै सामानहरु फालेर डोरी समाई माथि उक्लिएँ । त्यसबेला मलाई धेरै डर लागेको थियो, तर बचें । यो घटना म कहिल्यै बिर्सिन्न ।


ठेगाना : (क) स्थायी : छिलेमु, टाकसिन्दु गा.वि.स. वडा नं. ७, सोलुखुम्बु जिल्ला, नेपाल ।
(ख) हाल : लाजिम्पाट, काठमाडौं, नेपाल ।

दस्तखत : बाबु छिरी शेर्पा

त्यो आरोहण परित्याग गरेको बताए ।

श्री लाक्पा शेर्पा तथा श्रीमती पसि शेर्पाका छोरा बाबुछिरी शेर्पाको जन्म पूर्वी नेपालको सोलुखुम्बु जिल्ला, टाकसिन्दु गा.वि.स. वडा नं. ७ को छिलेमुमा (२२ जुन १९६६) मा भएको हो । १३ वर्षको कलिलो उमेदेखि हिमाली भरियाका रुपमा आफ्नो पर्वतारोहण पेशा शुरु गरोका ३४ वर्षीय बाबुछिरीका श्रीमती र २ वर्षदेखि १४ वर्षसम्मका ६ छोरीहरु छन् ।

बाबुछिरी शेर्पा आफू सानो हुँदा गाउँमा स्कूल नभइ पढ्न नपाएकोमा दुखित छन् र उनको गाउँका केटाकेटीहरु आफू जस्तै अशिक्षित नहुन भन्ने चाहन्छन् । यसैले उनी आँफूले कीर्तिमान स्थापना गरी देशको प्रतिष्ठा बढाउन तथा गाउँको शिक्षा क्षेत्रमा केही योगदान पुऱ्याउन चाहन्छन् । उनी आफ्नो टाकसिन्दु गा.वि.स. को आकाङ्क्षमा स्कूल स्थापना गरी करीव ५० जना विद्यार्थीको पठन पाठनको व्यवस्था गर्ने प्रयासमा जुटेका छन् । यस सम्बन्धमा उनी भन्छन् - "गाउँमा केटाकेटीहरुलार्य पढाउन स्कूलको व्यवस्था गर्न मैले पुस्कार, सम्मान आदीबाट पाएको पैसा सबै त्यता लगाउने छु । विदेशीहरुसंग पनि सहयोगका लागि कुरा गर्ने छु । पुरस्कारबाट पाएको पैसा काठमाडौंमा कोठाको बहाल तिर्न र परिवार पाल्ने काममा खर्च गर्न मलाई मनलाग्दैन । मेरो पेशाबाट कमाएको पारिश्रमिकबाट परिवार र अन्य खर्च पुऱ्याउन चाहन्छु ।"



सरल स्वभावका साहसी पर्वतारोही बाबुद्धिरीको अर्को महत्वपूर्ण गुण हो - इमान्दारिता । हालैको उनको माउण्ट एभरेष्ट स्पीड एक्स्पीडिसन २००० अन्तर्गत १६ घण्टामा सगरमाथाको शिखरमा पुग्ने योजना थियो । उनी शिखरमा पुगेपछि संचार माध्यमहरु सबैले निर्धारित समयभन्दा पनि ४ मिनेट अगाडि अर्थात १५ घण्टा ५६ मिनेटमा आरोहण अभियान पुरा भएको खवर फैलाएको थियो । पछि बाबुछिरी आधार शिविरमा फर्के पछि आफू १५ घण्टा ५६ मिनेटमा नभई १६ घण्टा ५६ मिनेटमा पुगेको पुष्टी गरी सबैलाई चकित बनाई यसरी आफ्नो इमान्दारिता देखाए ।

बाबुछिरीका अनुसार हाल सगरमाथा आरोहण मार्गमा पहिले पहिले जस्तो फोहर देखिदैन र यसबारेमा उनी भन्छन् - "अचेल जाने आरोहीहरुले त्यति फोहर गर्दैनन्, उनीहरुले जानु अगाडि केके सामान लगेको हो ती सबैको सूची सम्बन्धित निकायलाई बुझाएर निश्चित रकम धरौटीको रुपमा जम्मा गर्नु पर्दछ र फर्कदा फर्काएको सामान देखाउनु पर्दछ, यसैले बाटोमा त्यति फोहर हुने हुँदैन । जछि छन् पहिलेका पुराना लुगाफाटा, ग्याँस सिलीण्डर आदी थुप्रिएका छन् ती पनि बेलाबेलामा विभिन्न सफाई अभियान अतर्गत विस्तारै तल झार्दैछन् । बरु साउथ कोल (८,३०० मी.) मा ४ वटा लासहरु बाटोमा रहिरहेका छन् । यो देख्दा झसङ्ग हुने र कस्तो कसतो मनोवैज्ञानिक प्रभाव पार्ने हुन्छ । ती लासहरुलाई पर्यटन मन्त्रालय तथा सम्बन्धित निकायहरुको प्रयासबाट तल ल्याए हुन्थयो ।"

बाबुछिरी शेर्पाको विचारमा नेपालमा सरकारले पर्वतारोहण लगायत हिमाली क्षेत्रमा हुने कृयाकलापहरुलाई खेलकूदको रुपमा मान्यता दिई विकास गर्न खेलकूद मन्त्रालयबाट सहयोग गर्नु पर्दछ । यसो गर्न सकेमा नेपालले हिमाली क्षेत्रमा हुने खेलकूद कृयाकलापहरुबाट धेरै कीर्तिमान उपलब्ध गर्न सक्ने हुन्छ ।

बाबुछिरीको साहसिक प्रयासबाट सिर्जिएका विश्वकीर्तिमानहरुले नेपाल र नेपालीहरु गौरवान्वित बनाएको छ । उनका उपलब्धिहरु, विचार र भावनाहरुको कदर गर्नु पर्दछ ।

डा. हरिप्रसाद श्रेष्ठको कुराकानीमा आधारित

बाबुछिरी शेर्पाले सफल आरोहण गरेका हिमालहरु

	हिमाल	वर्ष	उचाई (मी.)	टीमको देश
१.	कञ्चनजंघा	१९८९	८५९४	रुस
२.	धौलागिरी	१९९०	८१६७	फ्रान्स
३.	सगरमाथा (साउथ रिड्ज)	१९९०	८८४८	फ्रान्स
४.	सगरमाथा (साउथ रिड्ज)	१९९१	८८४८	न्यूजिलैण्ड
५.	सगरमाथा (नर्थ रिड्ज)	१९९३	८८४८	इङल्याण्ड
६.	शिशापाङमा (एक हप्ताभित्र दुई पटक)	१९९४	८०१३	इङल्याण्ड
७.	सगरमाथा (नर्थ रिड्ज) (एक हप्ताभित्र दुई पटक)	१९९५	८८४८	इङल्याण्ड
८.	चोयू (६ पटक)	१९९५	८२०१	इङल्याण्ड
९.	सगरमाथा (साउथ इष्ट)	१९९६	८८४८	द. अफ्रिका
१०.	सगरमाथा (साउथ)	१९९७	८८४८	इङल्याण्ड
११.	अमाडब्लम (१५ दिनभित्र ३ पटक)	१९९८	६८१२	इङल्याण्ड
१२.	सगरमाथा	१९९९	८८४८	मेक्सिको,नेपाल
१३.	सगरमाथा	१९९९	८८४८	स्वीडेन, स.रा.अमेरिका
१४	सगरमाथा	२०००	८८४८	नेपाल

माउण्ट एभरष्ट स्पीड एक्सपीडिसन २०००

हिमाल हाम्रो सम्पदा


- राजकुमार भट्टराई

हाम्रो हिमाल
युगादिदेखि जीवन्त
अप्रतिम
शान्त, स्वच्छ, निर्मल
मनोहर सुन्दरताले
विश्वलाई श्रद्धाले झुकाउने
हाम्रो परिचय
हाम्रो ताज
हाम्रो वैभव हो ।
हिमालका कुनाकाप्चामा
पदचिन्हहरु छोड्दै
विजय प्राप्त गर्ने
निडरता र वीरताको इतिहासमा
नयाँ पन्नाहरु थप्ने
साहसिक पर्वतारोही
युग प्रतिष्ठित सहकर्मी
हिमाल हाम्रो सम्पदा
पर्वतारोही हाम्रा गौरव हुन् ।

- उलांबारी- ४, मोरङ

सगरमाथामा पाइला टेकेको पनि २५ वर्ष भएछ

जुन्को ताबेई



समारोहमा पर्यटन तथा नागरिक उड्डयन मन्त्री तारिणीदत्त चटौत (बायाँबाट दोस्रा), संघका प्रथम उपाध्यक्ष आङछिरिङ शेर्पा तथा जापानी राजदूत मित्सुआकी कोजिमा

जुन्को ताबेई विश्व पर्वतारोहण इतिहासमा नयाँ नाम होइन । आफ्नी तीन वर्षीय छोरी र पतिलाई छाडेर साहसिक अभियानमा जुटेकी जुन्को ताबेईले सन् १९७५ को मे १६ मा विश्वको सर्वोच्च शिखर सगरमाथा चुचुरोलाई चुम्नु भएको थियो । त्यसबेलाकी गृहिणी जुन्कोको उमेर अहिले ६० वर्ष नाघेको छ, तर उत्साह र उमेर ३० वर्षको जस्तो छ । सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्ने विश्वको प्रथम महिला जुन्को ताबेईले हालसम्म सबै महादेशका सर्वाधिक उच्च शिखरहरूको आरोहण गरिसक्नु भएको छ र प्रतिवर्ष नयाँ नयाँ हिमशृङ्खलामा पदचिन्ह छाड्ने अभियान जारी छ । जुन्कोको सगरमाथाको सफल आरोहणको २५ सौं वार्षिकोत्सवका अवसरमा प्रतिबद्धता छ- म हिमाल सफा गरेरै छोड्छु । 'हिमालयन एण्डभेञ्चर ट्रष्ट जापानकी अध्यक्ष जुन्को अहिले सगरमाथा लगायत हिमशृङ्खलाको वातावरणीय संरक्षण तथा खुम्बुमा स्याउखेती गराई शेर्पा समुदायको जीवनपद्धति उत्थानमा सघाउ पुऱ्याउन दृढ हुनुहुन्छ । जुन्कोको सगरमाथा आरोहणको रजत महोत्सवको अवसरमा जुन्कोद्वारा लिखित आलेखको सारसंक्षेप **रमेश तिवारी**द्वारा प्रस्तुत गरिएको छ ।'

नेपालमा सगरमाथा तथा चीनमा चोमोलोङमाबाट परिचित २९०३५ फिट उच्च हिम शृंखला । अनुपम प्राकृतिक सौन्दर्य, भौगर्भिकी महत्व तथा शेर्पा संस्कृति सबैले सगरमाथा राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचीमा दर्ता गराएको छ । सन् १९२१ मा सगरमाथा आरोहणको पहिलो प्रयासदेखि १९७० को दशकसम्म त्यस हिमाली शृंखलामा आरोहण अभियान दलको सङ्ख्या नियन्त्रित थियो । त्यस अवधिमा नेपालबाट एक ऋतुमा एक टोलीलाई मात्र आरोहण अनुमति दिइन्थ्यो । फलस्वरूप ती दशकमा २७ अभियान टोलीले सगरमाथा आरोहण गरे ।

चोमोलोङमा सन् १९८० मा तिब्बततर्फबाट पनि आरोहण गर्न सम्भव भयो । तिब्बत खुला गरिएपछि नेपालबाट समेत आरोहण अभियान नियन्त्रण खुकुलो पारियो । सन् १९८० को दशकमा १४४ टोलीले नेपाली भूभागबाट सगरमाथा आरोहण गरे । १९९० को दशकमा सगरमाथा आरोहणमा तीव्रता आएको छ, ३०३ टोली विगत दश वर्षमा त्यस क्षेत्रमा पुगेका छन् । स्थानीय शेर्पाहरूको मुख्य पेशा खेती र पशुपालन हुने गरेकोमा अहिले उनीहरूको प्रमुख पेशा पदयात्रामा गाइड गर्नु र आरोहण अभियानमा सघाउनु रहेको छ ।

पर्वतारोहीहरूको सङ्ख्या तथा पर्वतारोहण उपकरणहरूको बढ्दो चापका कारण हिमालमा फोहरमैलाको समस्या पनि जटिल हुँदैछ । अक्सिजनका खाली सिसी, पाल, इन्धन लगायत विभिन्न उपकरणले समस्या सिर्जना गरेका छन् । पर्वतारोहण टोली सङ्ख्या कम हुँदा हिमालमा फोहरमैला कुनै चर्चाको विषयवस्तु थिएन, अहिले यो गम्भीर समस्या बनेको छ । सगरमाथा क्षेत्र एक 'पर्यटकीय गन्तव्य' मा रूपान्तरित भए तापनि त्यस क्षेत्रमा गैर पर्वतारोहण भ्रमण समेत बढेको छ । यस प्रवृत्तिका कारण दाउराको बढी प्रयोगले गर्दा वन विनाश भई गम्भीर वातावरणीय समस्या सिर्जना भएको छ ।

यी समस्याहरूको परिप्रेक्ष्यमा नेपाल सरकारले पर्वतारोहण गतिविधि नियन्त्रण गर्ने उद्देश्यले शुल्क वृद्धि गरे पनि त्यहाँ पुग्ने आरोहीको सङ्ख्यामा अपेक्षित कमी आउन सकेको छैन । केही वर्षका लागि सगरमाथा आरोहण प्रतिबन्ध लगाउनुपर्ने विचार देखापरेको छ । तर त्यस्तो गर्दा स्थानीय शेर्पा समुदायको जीवनपद्धतिमा विविध समस्या पर्ने हुँदा त्यसमा केही गर्न सकिँदैन ।

म सन् १९७५ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको शिखरमा उभिने पहिलो महिला तथा ३८ औं व्यक्ति बने । त्यस पर्वतारोहणमा जीवित रहनु एक संघर्ष थियो र त्यस बेला जानकारीको अभावको कारण मैले पनि सगरमाथा क्षेत्रमा पाल, रोप लगायतका विभिन्न उपकरण छोडें । सगरमाथाको दक्षिणी मार्ग (साउथ पोल) मा थुप्रिएका ड्रोहर मैलाले सगरमाथा क्षेत्रको वातावरणीय संरक्षणमा प्रतिकूल असर पारेकोले यस समस्याको समाधानमा पर्वतारोही लगायत सम्बद्ध सबैको चिन्तन आवश्यक छ । बढ्दो पर्वतारोहण गतिविधिको फलस्वरूप बढ्दै गएको फोहरमैलाको समस्या सम्बन्धमा हालसम्म धेरै कम वैज्ञानिक अध्ययन भएका छन् ।

यस पृष्ठभूमिमा मैले विगतका आरोहण टोलीका बारे तथ्याङ्क सङ्कलन गरी एक सर्वेक्षण गरें र सर्वेक्षण स्थलहरू थिए- बाल्तोरो ग्लेसियर नजिक गासेरब्रुम-२ तथा सगरमाथाको आधार शिविर । पर्वतारोहण टोलीद्वारा त्यस क्षेत्रमा छाडिएका उपकरण लगायतका वस्तुको आधारमा सगरमाथा क्षेत्रमा विद्यमान फोहरमैलाको स्थिति आँक्न सकिन्छ । मेरो अन्तिम उद्देश्य रहिआएको छ- सगरमाथालाई पर्वतारोहीहरूका कारण भएको फोहरमैलाबाट स्वच्छ राखी सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रको संरक्षणमा योगदान पुऱ्याउने । फोहरसम्बन्धी सर्वेक्षणका क्रममा सन् १९७० देखि १९९० दशकका आरोहण अभियानहरूको विस्तृत अध्ययन गरिएको थियो ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण प्रयास गर्ने संसारका पहिलो व्यक्ति थिए- सी. के. होवार्ड ब्यूरी (सन् १९२१) । अन्य चार पर्वतारोही तथा चार वैज्ञानिकहरूसँगै उनी दार्जीलिङ हुँदै सिक्किम प्रवेश गरेका थिए र तिब्बती पठार हुँदै सगरमाथा आरोहण गर्ने प्रयास गरे । सन् १९३८ सम्म ब्रिटीश पर्वतारोहीहरूले सगरमाथा आरोहण निम्ति सात प्रयास गरे । त्यस अवधिमा १७२ पर्वतारोही र २६५ शेर्पा आरोहण अभियानमा संलग्न थिए ।

नेपालले सन् १९४९ मा आफ्ना हिमशृङ्खला खुला गर्नु अघिसम्म सबै पर्वतारोहण



अभियान तिब्बत क्षेत्रबाट सञ्चालन गरिन्थ्यो । सन् १९२१, १९२२ र १९२४ मा अक्सिजन उपकरण अपर्याप्त रहेकोले अतिरिक्त अक्सिजन विना सगरमाथा आरोहण सजिलो थिएन । तथापि पर्वतारोही इ. एफ. नोर्टन सन् १९२४ मा अतिरिक्त अक्सिजन विना २८,१२६ फिट उचाइसम्म पुग्न सफल भए । त्यसबेला उनले लगेका अक्सिजनका सिसी त्यहीं छाडे कि ह्विर्ता ल्याए , कुनै रेकर्ड छैन ।

सन् १९५३ मा जोन हण्टद्वारा नेतृत्व पर्वतारोही टोली नेपालबाट पहिलोपल्ट सगरमाथा शिखरमा पदचिन्ह छाड्न सफल भयो । सन् १९५६ मा स्वीसहरु तथा चारवर्षपछि भारतीयहरूले आरोहण प्रयास गरे, त्यसैवर्ष चिनियाँ टोली तिब्बतबाट चोमोलोंगमाको शिखरमा टेक्न सफल भयो । सन् १९६३ मा अमेरिकी टोलीले पश्चिमी तथा दक्षिण-पूर्वी मोहडाबाट शिखरको सफल आरोहण गऱ्यो ।

सन् १९७० अघिसम्म प्रायः सबैजसो सफल आरोहण अभियान नेपालको दक्षिणी मोहडा मार्गबाट भएकोमा त्यसपछिको दशकमा अन्य कठिन मोहडा र मार्गबाट शिखर आरोहण गर्न पर्वतारोही लालायित भए । सगरमाथा क्षेत्रमा प्रत्येक नयाँ पदचिन्हसँगै प्रत्येक मार्गमा उपकरण र खाद्यान्न राखिएका सामान छोड्न थालियो र सगरमाथा क्षेत्रले फोहरको समस्या सामना गर्नुपऱ्यो । समष्टिमा सन् १९२१ देखि १९६९ सम्म ४८ वर्षमा सगरमाथा आरोहणमा २९ टोली संलग्न थिए । सन् १९७० को दशकमा मात्र आरोहण टोली सङ्ख्या २७ थियो र त्यसपछिको एकदशकमा पनि त्यत्ति नै सङ्ख्या ।

चीन सरकारले सन् १९७९ मा तिब्बत पुनः खुला गरेपछि उत्तरी मार्गबाट सगरमाथा आरोहण गर्न पुनः सम्भव भयो । प्रारम्भमा चीनको पर्वतारोहण संघले एक ऋतुमा एक टोलीलाई अनुमति दियो र आधार शिविरमा बस्ने दिन १० दिन निर्धारण गरिएको थियो । तर क्रमिक रूपमा एक ऋतुमा थप टोलीलाई अनुमति दिन थालेपछि आरोहण अभियान तीव्र हुँदै गयो । नेपालले पनि त्यही नीति अवलम्बन गरी एक ऋतुमा एक टोलीलाई मात्र अनुमति दिने व्यवस्था हटायो ।

सगरमाथामा विभिन्न मार्गबाट एक पछि अर्को सफलता प्राप्त हुने क्रम बढ्नुका साथै व्यक्तिगत प्रतिष्ठाका लागि सगरमाथा रङमञ्चका रूपमा प्रयोग हुन थाल्यो । सगरमाथा आरोहणमा विभिन्न दृष्टिले 'पहिलो व्यक्ति हुने' र रेकर्ड कायम गर्ने उद्देश्यका साथ बढ्दो सङ्ख्यामा पर्वतारोहीहरू सामेल हुन थाले । व्यापारिक प्रयोजनले सञ्चालित अभियान टोली पनि बढ्न थाले । सन् १९८० को दशकमा आरोहण टोली सङ्ख्या सत्तरीको दशकभन्दा ५.३ गुणा बढी अर्थात् १४४ टोली पुग्यो ।

सगरमाथाको सङ्गल आरोहणको चालीसौं वार्षिकोत्सव अर्थात् सन् १९९३ मा १५ टोलीका २९४ पर्वतारोही सगरमाथा आरोहणमा संलग्न रहे र ८१ जनालाई चुचुरोमा टेक्ने सफलता प्राप्त भयो । त्यस वर्ष मे १० मा झण्डै ४० पर्वतारोही एकै दिन शिखरमा पुगे, जुन एडमण्ड हिलारीले सन् १९५३ मा र मैले सन् १९७५ मा सगरमाथा आरोहण गर्दा बाइस वर्षको अवधिमा शिखरमा पुग्ने पर्वतारोहीहरूको कुल सङ्ख्या भन्दा बढी थियो । सगरमाथा क्षेत्रमा बढ्दो आरोही सङ्ख्या तथा वातावरणीय प्रदूषणलाई दृष्टिगत गरी नेपालले शिखर आरोहण शुल्क दश हजार डलरबाट बढाएर ५० हजार डलर पुऱ्यायो, तर त्यसले 'कमर्सियल क्लाइम्बिंङ' लाई प्रोत्साहित गऱ्यो ।

यस क्रममा जापानी पर्वतारोहण टोलीको विस्तृत सर्वेक्षण सन् १९९९ को वसन्तमा सगरमाथा आरोहण गर्नेछ टोलीहरूको अध्ययन तथा हालसम्म सगरमाथा आरोहण प्रयास गर्ने करिब ६ हजार व्यक्तिका आधारमा मैले सगरमाथा क्षेत्रको फोहर मैलाको आँकलन गरेको छु । मेरो निष्कर्ष छ- सगरमाथा क्षेत्रमा न्यूनतम २९० टन र अधिकतम १,११५ टन फोहर छाडिएको छ । सन् १९९० को दशकमा एक वर्षमा औसत ३०४ जना पर्वतारोहीले सगरमाथा आरोहण गरेको आधारमा मूल्याङ्कन गर्दा समेत सगरमाथा क्षेत्रमा वर्सेनि फोहरको परिमाण १५.५ देखि ६० टनले वृद्धि भइरहेको स्पष्ट हुन्छ ।

सगरमाथाको उच्च क्षेत्रमा आरोहणमा संलग्न एक व्यक्तिले एक दिनमा गरेको मूत्रत्याग ५७०६ ग्यालन हुन्छ । एक पर्वतारोहण टोलीले सगरमाथा क्षेत्रमा सरदर ५० दिन बिताउँछ । सन् १९७५ मा सगरमाथा आरोहणमा संलग्न महिला पर्वतारोही टोलीमा १५ आरोही र सात पत्रकार सहित २२ जना र थप ४८ शेर्पा थिए । यस स्थितिमा पर्वतारोहीहरूले आरोहण क्रममा त्यहाँ गर्ने फोहरको समस्या सजिलै अनुमान गर्न सकिन्छ । सगरमाथा प्रदूषण नियन्त्रण समितिको प्रतिवेदन अनुसार सगरमाथा आधार शिविरमा सन् १९९६-१९९७ मा १३ विभिन्न पर्वतारोही टोलीले छाडेका ३५१५ पौण्ड फोहर सफलन गरी गोराक्षेपमा पुरिएको थियो । यस दृष्टिले हेर्दा सन् १९२१-१९९९ का अवधिमा करिब १३, ५५, ०१७ पौण्ड 'ह्युमान वेस्ट' त्यस क्षेत्रमा रहेको र यो पाकिस्तानको बाल्तोरो क्षेत्रको समस्या समान रहेको देखिन्छ ।

आरोहण अनुमति शुल्कमा संशोधन

नेपाल पर्वतारोहण संघ अन्तर्गतका १८ वटा चुलीहरुको आरोहण अनुमति शुल्कमा समयानुकूल वृद्धि गर्नको निमित्त संघको २०५७ असार २३ गते सम्पन्न वर्षाकालीन साधारण सभाबाट गठित नेपाल पर्वतारोहण संघ, ट्रेकिङ्ग एजेन्ट्स एसोसियसन अफ नेपाल (टान) र श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधिहरुको एक अधिकार सम्पन्न तथा अख्तियारी प्राप्त समितिको वैठक २०५७ श्रावण ९ गते संघको सचिवालयमा सम्पन्न भयो । नेपाल पर्वतारोहण संघको तर्फबाट महासचिव भूमिलाल लामा तथा कोषाध्यक्ष गिरधारी शर्मा, टानका तर्फबाटजे.वी.सिंह तथा सुमन पाँडे र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तर्फबाट उप-सचिव गणेशराज कार्कीको प्रतिनिधित्व रहेको उक्त बैठकले संघ अन्तर्गतका चुलीहरुको आरोहण अनुमति शुल्कमा जनवरी १, २००१ देखि लागु हुने गरी निम्नानुसारको संशोधन गरेको छ ।

संशोधित नयाँव्यवस्था निम्नानुसार हुनेछ :

१. समूह "ए" का १२ वटा चुलीहरु (हिउँचुली, सिंगुचुली, मेरा, कुसुम काङगु, क्वाङदे, चुलु वेष्ट, चुलु, ईष्ट, आईल्याण्ड (ईम्जात्से), फ.चर्चामो, लोबुजे, रामडुङ र पिसाङ) तथा समूह "बी" का ६ वटा चुलीहरु (थार्पुचुली (टेन्ट पीक), खोङमात्से (मेहरा), गञ्जला चुली (नयाँ काङगा), पोखाल्डे, मार्दि हिमाल र पाल्दोर) सवैलाई एकै समूहमा सम्मिलित गरिएको छ ।


२. १ जना देखि ४ जना सम्मको समूहलाई अमेरिकी डलर ३५०/- (अक्षरेपी अमेरिकी डलर तीनसय पचास मात्र)

३. ५ जना देखि ८ जनासम्म प्रति व्यक्ति अमेरिकी डलर ४०/- (अक्षरेपी चालिस अमेरिकी डलर मात्र) कायम गरिएको छ । अर्थात :

१ देखि ५ जना को समूहलाई अमेरिकी डलर ३५०/- +४०/- = ३९०/-
१ देखि ६ जना को समूहलाई अमेरिकी डलर ३९०/- +४०/- = ४३०/-
१ देखि ७ जना को समूहलाई अमेरिकी डलर ४३०/- +४०/- = ४७०/-
१ देखि ८ जना को समूहलाई अमेरिकी डलर ४७०/- +४०/- = ५१०/-

४. ९ जना देखि १२ जना सम्म अधिकतम समूहलाई प्रति व्यक्ति अमेरिकी डलर २५/- (अक्षरेपी पच्चीस अमेरिकी डलर मात्र) थप आरोहण अनुमति शुल्क लिने ।

१ देखि ९ जनाको समूहलाई अमेरिकी डलर ५१०/- + २५/- = ५३५/-
१ देखि १० जनाको समूहलाई अमेरिकी डलर ५३५/- + २५/- = ५६०/-
१ देखि ११ जनाको समूहलाई अमेरिकी डलर ५६०/- + २५/- = ५८५/-
१ देखि १२ जनाको समूहलाई अमेरिकी डलर ५८५/- + २५/- = ६१०/-



विश्वको सर्वोच्च शिखर सगरमाथा (नेपाल)

सगरमाथा राष्ट्रिय निकुञ्जको भ्रमणमा जाने पदयात्रीहरूको सङ्ख्या समेत बढ्दैछ जुन सङ्ख्या १९९८ मा २० हजारभन्दा बढी थियो। प्रत्येक पदयात्रीले निकुञ्ज क्षेत्रमा औसत पाँच दिन बिताउँदा पनि प्रति व्यक्तिले प्रति दिन ७.८ आउन्स फोहर गरेको र दश दिनको पदयात्रामा प्रति व्यक्तिले प्रति दिन १०.८ आउन्स फोहर छाडेको देखिन्छ। यसको तात्पर्य प्रत्येक वर्ष त्यहाँ ६७ टन फोहर थपिन्छ।

यस स्थितिमा सगरमाथा वरपरका उच्च क्षेत्रमा वातावरण संरक्षणका लागि गम्भीर चिन्तन गरिनु आवश्यक छ। यसनिम्ति आधार शिविरभन्दा माथि छाडिएका फोहर मैला सङ्कलन गरी ल्याउन विशेष टोलीहरूको गठन र परिचालन जति आवश्यक छ, वर्सेनि त्यहाँ प्रवेश गर्ने आरोहण टोली सङ्ख्यामा नियन्त्रण गरिनु जरुरी छ। पर्वतारोहण ऋतुमा आधारशिविरमा 'कण्ट्रोल टावर क्याम्प' को स्थापना र शौचालयहरूको निर्माण, आधार शिविरमा स्थायी रूपमा पर्यटन मन्त्रालयका स्थायी अधिकारी अर्थात् सगरमाथा प्रदूषण नियन्त्रण निकायका व्यक्ति राखेर निगरानी गर्न सकिएमा पनि सगरमाथाको वातावरण स्वच्छ राख्न योगदान पुग्नेछ।


यस्तै प्रत्येक आरोहण टोलीले आधार शिविरमा लैजाने सामग्रीको परिमाण घटाउन 'कण्ट्रोल-टावर क्याम्प' मा सञ्चार उपकरण राखी त्यसको प्रयोग गर्न आरोहीहरूलाई दिइनु पर्दछ। यस्तै आधार शिविरमा निर्माण गरिने अस्थायी शौचालयहरू 'कम्पोष्ट' किसिमको निर्माण गरिएमा पनि समस्या नियन्त्रणमा मद्दत पुग्नेछ। त्यहाँ खटाइने आधिकारिक व्यक्तिले प्रत्येक आरोहण टोलीका निम्ति एक 'क्याम्पसाइट' उपलब्ध गराउनु तथा आधार शिविरमाथिका फोहर सफलन गरेर ल्याउने नल्याउनेबारे निगरानी राख्नु जरूरी छ।

पर्वतारोहण गतिविधि बढ्दै गएको र समस्या समेत थपिँदै गएका पृष्ठभूमिमा हालको 'लियाजों अफिसर' हटाउने प्रणाली अन्त्य गरी 'कन्ट्रोल-टावर क्याम्प' मा स्थायी व्यक्ति राखिएमा प्रत्येक आरोहण सुरक्षित पार्नका साथै वातावरण संरक्षणमा मद्दत पुग्नेछ। आरोहण टोलीहरूले 'लियाजो अफिसर' को औचित्यबारे लामो समयदेखि प्रश्नचिन्ह राखेका तथा सन् १९९९ को वसन्त ऋतुमा सगरमाथा आरोहण गर्ने आठ टोलीमध्ये एकले मात्र 'लियाजो अफिसर' को आवश्यकता औंल्याएका परिप्रेक्ष्यमा सम्पर्क अधिकृत (लियाजों अफिसर) को व्यवस्था कायम राख्नु औचित्यपूर्ण छैन।

यस्तै आरोहण टोलीले सगरमाथा क्षेत्रमा छाड्ने फोहर मैलाबाट त्यस क्षेत्रलाई मुक्त पार्न आवश्यक खाना त्यसै क्षेत्रमा खरीद गर्ने, बाहिरबाट प्याक गरिएका खाना लैजान नपाइने, ट्वाइलेट पेपरको जथाभावी प्रयोग नगर्ने, त्यस क्षेत्रमा अति आवश्यक रोप र ब्याट्री मात्र लैजान पाइने, खराब मौसम भएका बेला प्रयोग निम्ति आवश्यक खाद्यान्न मात्र लैजाने, आरोहण अभियानमा संलग्न सबैलाई फोहर सफा गर्न प्रोत्साहित गर्ने, 'पोर्टर' लाई दाउरा काट्नु सट्टा स्टोभ बाल्न प्रोत्साहित गर्ने तथा प्रत्येक पर्वतारोहीले आफूले गरेका फोहर सङ्कलन गरी आधार शिविरमा ल्याएर जलाउने गर्नु पर्दछ। यस कार्यहरूप्रति सम्बन्धित पक्षबाट कडा निगरानीका साथै अनुगमन आवश्यक छ।

सगरमाथा धर्तीको अमूल्य सम्पदा भएकोले सगरमाथाको प्राकृतिक वातावरणको संरक्षण गर्नु त्यस क्षेत्रमा पुग्ने सबै पर्वतारोही तथा दुवै राष्ट्रका सरकारहरूको जिम्मेवारी हो। सगरमाथा क्षेत्रमा थुप्रिएका फोहरको समस्या समाधान गर्न अन्तर्राष्ट्रिय पर्वतारोहण महासङ्घ, एसियाली पर्वतारोहण महासङ्घ, नेपालको पर्यटन मन्त्रालय तथा राष्ट्रिय पर्वतारोहण संस्थाहरू सबैको सक्रियता र गहन चिन्तनको खाँचो छ। विश्व सम्पदा सगरमाथाको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो र यस अभियानमा प्रतिबद्धता सहित सरिक रहनु वर्तमानको आवश्यकता हो र हुनुपर्दछ।

❑❑


विश्वको सर्वोच्च शिखर सगरमाथा (चीनको तिब्बतबाट)

एभरेष्ट म्याराथनमा ह्याट्रिक गर्ने हरिबहादुर रोकाया

❐ कृष्णराज खनाल

दुई दशकभन्दा बढीसम्म उनले खेलकुदमा व्यतीत गरे । तर यसपटक जत्तिको खुशियाली उनको जीवनमा कहिल्यै देखिएन । उनी यसपटक अर्थात् एभरेष्ट म्याराथन- २००० मा प्रथम स्थान हासिल गरेकै कारण उनको जीवनमा सर्वाधिक खुशियाली छाएको हो ।

'जिन्दगीको नयाँ खुशी यसैपटक लाग्यो- मैले एभरेष्ट म्याराथनमा ह्याट्रिक गरें र देशको नाम राखें ।'

उनी अर्थात् हरिबहादुर रोकाया । नेपालका पूर्व राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लामो दूरीका धावक । सोलुखुम्बु जिल्लामा अवस्थित गोरक्षेपदेखि लुक्ला, नाम्चे, दिङबुचे लपुचे हुँदै पुनः सोही स्थानमा आएर समाप्त भएको 'एभरेष्ट म्याराथन- २०००' का नायक । सन् १९९७ र सन् १९९९ मा लगातार दुईपटक हिमाली क्षेत्रको ४२.१९५ किलोमिटर लामो दूरीमा आफ्नो प्रभाव र प्रभुत्व जमाउँदै प्रथम थान हासिल गरेका हरिबहादुर रोकायाले यसपटक नयाँ इतिहास रच्ने उद्देश्यले भाग लिएका थिए र नभन्दै उनले नयाँ इतिहास रचेरै छाडे- एभरेष्ट म्याराथनको होडमा 'ह्याट्रिक !'

विश्वका १२ राष्ट्रका कुल ७५ जना सहभागी भएको सो म्याराथन प्रतियोगितामा उनले प्रथम स्थान हासिल गरेर के पाए ? विश्वभर एकपटक नाम पाए, तर दाम ? अहँ ! दाम त केवल नाम मात्रको केवल पाँचसय पौण्ड (नेपाली रुपियाँ ५५ हजारजति) । त्यसो त उनले सो म्याराथनमा यसअघि चारपटक सहभागिता जनाइसकेका थिए तर दुईपटक चाहिं उनले दोस्रो स्थानमा मात्रै चित्त बुझाउनुपरेको थियो । यस अघिका दुईवटा प्रतियोगितामा राखेको समयमा पनि उनले सुधार गरे । पहिले उनले सो दूरी तीनघण्टा ५६:१० सेकेण्डमा पूरा गरेका थिए भने यसपटक चाहिं तीन घण्टा ५०:२३ सेकेण्डमा उनले उक्त दूरी पार गरेका थिए ।


दाल र भातको भरमा हिमाली भेगको म्याराथन दौडमा सर्वप्रथम भएपछि ३९ वर्षीय हरिबहादुरले भने- 'मेरो जीवनमा एभरेष्ट म्याराथनमा 'ह्याट्रिक' गर्ने उद्देश्य थियो, त्यो पूरा भयो, अब म नयाँ 'यङ्ग' खेलाडीहरुलाई 'चान्स' दिन्छु म अब भेट्रान्स (४० वर्षभन्दा माथिका खेलाडीहरु मात्र सहभागी भएको प्रतियोगिता) बाट मात्र खेल्छु ।'

सधैं श्रीमतीको कचकच कति सहिरहने ? उनले सधैं कति दौडिरहने हो ? अब छोडिदिनुस् भनेर भन्छिन् तर म भने पख न पख अब धेरै दिन खेल्दिन भनेर थामथुम पार्छु । मेरो एकपटक बाहिर जाने धोको अझै छ । त्यसपछि त चटक्कै छोड्नु नि ! भनेर आश्वस्त पारेको पनि उनी बताउँछन् ।

नेपालको एथलेटिक्समा झण्डै दुई दशक व्यतीत गरेका हरिबहादुरले त्यसो त अन्तर्राष्ट्रिय रुपमा दुईवटा पदक पनि प्राप्त गरेका छन् । उनको म्याराथनको सर्वोत्कृष्ट कीर्तिमान भनेको राष्ट्रिय एथलेटिक्स प्रतियोगितामा कायम गरेको २:२२ मिनेटको हो ।

जुम्ला जिल्लाको विकट गाउँमा जन्मेर विद्यार्थी कालदेखि नै एथलेटिक्स खेल्न थालेका रोकायाको आर्थिक स्थिति त्यति सबल छैन । मलाई 'दालभात ! दालभात' भनेर उनीहरुले जिस्क्याए । अनि मैले पनि यिनीहरुलाई दालभातको पाइन देखाइदिएँ । मलाई यो कुराले घोचिरहेको थियो- पख्लास् भनेर म इखले दगुरें ।' उनी आफ्नो कुरा राख्दछन् ।

पहाडको पत्थरै पत्थरको सानो गोरेटोलाई छिचोल्दै



नेपाल पर्वतारोहण संघका पदाधिकारीहरु चीनको तिब्बत स्वशासित क्षेत्र ल्हासास्थित पोताला दरबार अगाडि

दूरी पार गर्दा थुप्रै अड्चनहरु व्यहोर्नु पर्दछ । उनले भने- आम्मै ! त्यहाँबाट लडियो भने त सिद्धियो । कात्रो बाँधेर जानुपर्दछ । कहीं कतै त बरफ जमेको ठाउँ पनि पार गर्नुपर्दछ ।' अहिलेसम्म आफूलाई 'लेक' नलागेको बताउने रोकाया एकफिट जमेको हिउँको थुप्रोमा प्रशिक्षण गरेको कुरा गर्वसाथ गर्दछन् ।

महिनाको एकपटक १३ घण्टा लामो समय प्रशिक्षणमा व्यस्त रहने रोकाया दैनिक ३/४ घण्टा प्रशिक्षण गर्दछन् । उनलाई प्रशिक्षणका दौरान न त माओवादीको डर छ न प्रहरीको नै- उनलाई सबैले चिन्छन् । 'पहिले पहिले त मलाई धेरै मान्छेले पागल पनि भने तर पछि सबैतिरबाट सहयोग पाएँ ।' उनी आफ्नो विगत यसरी सम्झन्छन् ।

नेपालको सबैभन्दा ठूलो ताल रारामा तीनपटक पुगेको कुराको स्मरण पनि उनको मनमा अझै ताजै छ । उनी रारा जाँदा पनि दौडैरै जान्छन् ।

जुम्ला जिल्लामा एथलेटिक्सको सहायक प्रशिक्षक बनेर जागिर खाएका रोकाया आफूले योगदान पुऱ्याए अनुरुपको जागिर नपाएकोमा खिन्न पनि छन् । 'प्रशिक्षकको जागिरसम्म पाए हुन्थ्यो ।' उनको इच्छा छ । रु. १५ हजार राशिको राष्ट्रिय पुरस्कार बाहेक अन्य पुरस्कार प्राप्त गर्न नसकेका रोकायाको स्पष्ट विचार छ- 'मैले त्यस्तो गोदवा पाइन । मलाई त केही छैन, तर मपछिका यस भेगका युवाहरुको जाँगर समाप्त हुन्छ ।'


२०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भएपछि खेलकुदको क्षेत्र झन् नाजुक भएको बताउने रोकाया खेलाडीलाई राम्ररी समेटेर लैजान नसक्नु यसको ठूलो दुर्गुण भएको विचार राख्छन् । प्रशिक्षकहरु निष्पक्ष नभएको र यो मेरो, यो तेरो खेलाडी भन्ने भावना बढेको पनि उनको अनुभव छ ।

जीवनमा उनीसँग दुःखका धेरै कथाहरु छन् । तर सन् १९९५ को जापानमा सम्पन्न विश्व च्याम्पियनसीपमा सहभागी हुन नपाएको पीडा चाहिं उनीसँग ताजा छ । त्यसका लागि प्रथम स्थान हासिल गरेपछि हेर तँ जापान अहिले न जा तैले साफमा राम्रो खेल देखाएर देशको इज्जत राख्नुपर्दछ भनेर भने । मैले पनि मानें । तर त्यो मप्रतिको षडयन्त्र रहेछ । म न जापान जान पाएँ न साफमा खेल्न पाएँ । मलाई हटाइयो ।

दुई सन्तानका पिता हरिबहादुरले जब तेस्रोपटक सो म्याराथन जिते, तब थुप्रै मानिसले उनको तस्वीर खिचे । कतिले त म हाम्रो देशमा पुगेपछि तँलाई बोलाउँछु भनेर समेत भनेको पनि उनी व्यक्त गर्दछन् । उनले कतिपयले आफ्नो कम्पनीबाट खेलाउने इच्छा जाहेर गरेको पनि बताए ।

खेलकुदमा लागेर भए पनि एस.एल.सी. उत्तीर्ण गरेका रोकाया अहिले घरमा रहँदा सामान्य वाइरिङ् र किसानी काम पनि गर्दछन् । संघ र परिषद् दुवैले सहयोग नगरेको बताउने रोकाया तेस्रोपटकको लागि दौडमा निस्कँदा थुप्रै ट्रेकिङ् एजेन्सी तथा माउन्टेन एयरले सहयोग उपलब्ध गराएका थिए ।


सम्पूर्ण चीज बोकेर दगुर्नु पर्ने भए तापनि आफू सर्वप्रथम भई देशको नाम राखेको दावी गर्ने हरिबहादुर आफूमा आत्मबल ज्यादै बढेकोले भेट्रान प्रतियोगितामा पनि आफू विजयी हुनसक्ने सम्भावना व्यक्त गर्दछन् । हरिबहादुरकै अनुसार उनी ह्याट्रिक गरेको केही समय ठमेल गएनन् । यसको कारण जान्न खोज्दा उनले भने- के गर्नु म त्यहाँ गएँ भने त फोटो खिच्नेहरुको लाइन नै लाग्दछ ।



फेरिचेबाट देखिने लोबुजे पिक




नेपाल पर्वतारोहण संघका पदाधिकारीहरु तेहरान




पिसाङ पिक



प्रथम उपाध्यक्ष आङछिरिङ शेर्पा



क्वाङदे पिक



गोसाइँकु



ारीहरु तेहरानमा आयोजित यू.आई.ए.ए. सम्मेलनमा



जुन्को ताबेई (पहिलो लहरमा बायाँबाट छैठौं) काठमाडौंमा आयोजित समारोहमा




छिरिङ शेर्पा जन्को ताबेईलाइ अभिनन्दन गर्दै



संघको वर्षाकालीन साधारण सभा



गोसाइँकुण्ड



मनाडस्थित पर्वतारोहण स्कुल

नेपाल पर्वतारोहण संघका गतिविधि ?

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय

क.

नेपाल पर्वतारोहण संघको सवैभन्दा ठूलो तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै विशेष महत्ता राख्ने परियोजना अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको निर्माणमा आ.ब. ०५६।५७ मा संग्रहालयको प्रथम चरणको कार्य सम्पन्न गर्ने लक्ष अनुरुप छाना छाउने कार्य सम्पन्न भएको छ । उक्त कार्यको लागि सिगापुरस्थित बिलम्याट प्रा.लि. मार्फत ईण्डोश्वेज बैंक दरवारमार्गमा टेण्डर खोली कन्च मार्फत गुणस्तर जाँच गराई उच्च स्तरीय छाना छाउने सामाग्री Hi- Rib Profiled Sheet को आयात गरिएको थियो । उक्त सामाग्री लगायत त्यससंग सम्बन्धित अन्य सामानहरुको आयातमा भन्सार महसूल मिनाहा गरिदिन संघले गरेको आग्रहलाई स्वीकारी परियोजना प्रति सदाशयता प्रदर्शन गरिदिएकोमा श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र श्री ५ को सरकार अर्थ मन्त्रालय, भन्सार विभाग प्रति संघ हार्दिक आभार प्रकट गर्दछ । संग्रहालयको छानाको सुरक्षा हेतु आवश्यक Polycarbonate को अर्डर दिईएको छ । संग्रहालयको जग्गाको अतिक्रमण भैरहेको तथा असुरक्षा रहेको तथ्यलाई मध्यनजर गर्दै संग्रहालयको उत्तरतर्फको साँध सिमानामा कांडेतारको निर्माण सम्पन्न गरिएको छ । स्मरण रहोस् संघको दक्षिण तर्फको सिमानामा यस अघि नै काँडेतार निर्माण कार्य सम्पन्न भैसकेको छ । यस लगायत संग्रहालयमा प्रदर्शनीको लागि राखिने सामाग्रीहरुको श्रोत तथा सूचना संकलनको गर्न Script Writing को लागि टेण्डर आव्हान गर्न सोही आ.ब. मा आवश्यक गृहकार्य गरिसकिएको छ र यस आ.ब.मा उक्त कार्यको लागि टेण्डर आव्हान गरिसकिएको आन्तरिक सजावट सम्बन्धमै फ्रेन्च नागरिकलाई संग्रहालयको विशेष अवलोकन भ्रमण गराई विभिन्न सुझावहरु प्राप्त गरिएको छ ।

ख. आर्थिक सहयोग संकलन

निर्माणाधीन अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको लागि स्थानीय स्तरबाटै आर्थिक सहयोग जुटाउने तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरुमाझ संग्रहालय बारेमा जानकारी गराउने उद्देश्यले आ.ब. २०५६।५७ मा एक डिनर बल कार्यक्रमको आयोजना गरिएको थियो । यसका अलावा UAAA को नवनिर्वाचित महासचिव ईन जोङ्ग ली बाट संग्रहालयको लागि अमेरिकी डलर एक हजार बराबरको आर्थिक सहयोग प्राप्त भएको छ । यसका अलावा संग्रहालय निर्माणका ठेकेदार मध्ये ग्लोवल कन्स्ट्रक्सन प्रा.लि. का म्यानेजिङ्ग डाईरेक्टर के.डि. अधिकारीबाट व्यक्तिगत तवरबाट आर्थिक सहयोग प्राप्त हुनुका साथै एशियन ट्रेकिङका प्रवन्ध निर्देशक आङ छिरिङ शेर्पा र एशियन एयरलायन्सका तर्फबाट टासी शेर्पाबाट संग्रहालय निर्माणको लागि सहयोग प्राप्त भएका छन् ।


ग. प्रचार प्रसार

संग्रहालय तथा संघका अन्य गतिविधि प्रति व्यापक जन अभिरुचि बृद्धि गर्ने उद्देश्यले एफ एम रेडियो कार्यक्रम प्रसारणलाई निरन्तरता दिईएको छ । यसका साथै संगंहालयको ब्रोसर, छपाई गरिएको छ । वेभसाईटलाई update गरिएको छ । साथै संघले भाग लिने विभिन्न सभा सम्मेलनहरुमा संघका गतिविधिहरुको जानकारी गराउने खालको Presentation हरु प्रस्तुत गरिएका छन् । संग्रहालयकै प्रचार प्रसार हेतु PATA Nepal Chapter को नेपालमा सम्पन्न बैठकको Offsite Break Session संग्रहालय हातामा सम्पन्न गरिएको थियो ।

पर्वतारोहण प्रशिक्षण :

नेपाली पर्वतारोहीहरुको सीप र दक्षतामा बृद्धि गराउने एवं पर्वतारोहण पेशाको प्राविधिक ज्ञान दिने उद्देश्यले संघले वार्षिक रुपमा संचालन गर्ने आधारभूत पर्वतारोहण तालिम गत आ.ब. ०५६।५७ को कार्यक्रममा उल्लेख भए अनुसार २५ अगष्ट १९९९ देखि संघको मनाङ स्थित पर्वतारोहण स्कूलमा संचालन गरिएको थियो । उक्त तालिममा ३२ जना नेपाली प्रशिक्षार्थीहरुलाई ६ जना नेपाली प्रशिक्षकहरुद्वारा प्रशिक्षण दिईएको थियो । यसै गरी स्कूल तथा क्याम्पसका विद्यार्थीहरुलाई यस पेशा प्रति अभिरुचि जगाउने हेतु आ.ब. २०५६।५७ को कार्यक्रमा एक परिचयात्मक रक क्लाईम्बिङ्ग तालिम समावेश गरिएको थियो । सोही कार्यक्रम मुताविक बुढानिलकण्ठ स्कूलका १२ जना विद्यार्थीहरुलाई संलग्न गराई चैत्र ५ देखि चैत्र १०, २०५६ सम्म बालाजु स्थित ढुङ्गे भिरमा तालिम प्रदान गरिएको थियो । यसका अलावा संघ र ईको हिमालको मित्रवत सहभागिता एवं सहयोग कार्यक्रम अन्तर्गत संचालित प्रशिक्षणहरुमा संघको सहभागिता रहने प्रतिवद्धता अनुरुप सो आ.ब.मा पनि संघ र ईको हिमालको संयुक्त आयोजनामा सोलुखुम्बुको थामेमा अप्रिल २२ देखि जून १, २००० सम्म एक उच्च पर्वतारोहण तालिम र महिलाहरुलाई मात्र संलग्न गराई Female Outdoor Leadership Training प्रदान गरिनुका साथै उच्च पर्वतारोहण तालिम लिईसकेका प्रशिक्षार्थीहरुको लागि एक Refreshment Course संचालन गरिएको थियो ।

नेपाली पर्वतारोहीहरुको प्राविधिक दक्षता बृद्धिको लागि संघले प्रदान गर्ने विभिन्न तालिमहरुको



पोखरामा निर्माणाधीन अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय

अलावा विदेशमा समेत थप प्रशिक्षणहरु दिलाउने र विभिन्न कार्यक्रमहरुमा सहभागी गराउने संघको उद्देश्य अनुरुप आ.ब. २०५६।५७ मा हङ्ककङ्गमा २७ र २८ नोभेम्बर १९९९ मा आयोजित Sports Climbing Championship 1999 मा संघका प्रशिक्षक तथा प्रशिक्षण तथा पर्वतारोहण अभियान समितिका सदस्य प्रेम गुरुङ्गलाई सहभागी गराईएको थियो। यसैगरी संघ र कोरियन अल्पाईन फेडेरेशनको मित्रवत सम्बन्ध स्वरुप उक्त फेडेरेशनको मैत्रीपूर्ण निमन्त्रणामा संघका प्रशिक्षक तथा प्रशिक्षण तथा पर्वतारोहण अभियान समितिका सदस्य ल्हाक्पा नोर्बु शेर्पाको नेतृत्वमा नेपाली पर्वतारोहीहरु निमा वाङ्चु शेर्पा र छुल्दिम शेर्पालाई कोरियामा Wall Climbing तालिमको लागि सहभागी गराईएको थियो। फ्रान्सको पर्वतारोहण स्कूल एन्साको मैत्रीपूर्ण निमन्त्रणामा संघका प्रशिक्षकद्वय प्रेम गुरुङ्ग र किलु तेम्बा शेर्पालाई विशेष प्राविधिक तथा व्यवहारिक तालिमको लागि त्यसतर्फ पठाईएको थियो। संघका प्रशिक्षकहरुलाई यस्ता थप तालिमहरु प्रदान गरी संघबाट संचालन हुने विविध तालिमहरुको गुणस्तरमा थप अभिवृद्धि हुने संघले विश्वास लिएको छ।

कल्याणकारी कार्यक्रम :

कल्याणकारी अक्षयकोषमा रु. तीन लाख थप गरिएको छ। हिमाल आरोहण गर्दा मृत्यु बरण गरेका पर्वतारोहीहरुका ३ जनालाई मासिक रु. एक हजार का दरले पाँच वर्षको लागि प्रदान गरिँदै आएको छात्रबृत्तिलाई निरन्तरता दिनुका साथै थप दुई जना बालबालिकाहरुलाई पाँच वर्षको लागि मासिक रु. एक हजारको छात्रबृत्ति प्रदान गरिएको छ। अंग भंग भई अशक्त भएका पर्वतारोही ल्हाक्पा शेर्पालाई प्रति महिना रु. १५००।- का दरले प्रदान गरिँदै आएको भत्तालाई निरन्तरता दिईएको छ। कल्याणकारी कार्य अन्तर्गत संघका आरोहण नियमावलीमा उल्लेख गरिएको पर्वतारोहणमा जाने कामदारहरुको बीमाको लागि तोकिएको रकम रु. पचहत्तर हजारलाई बृद्धि गरी रु. दुई लाख हुने गरी संशोधन गरिएको छ। विश्वको सर्वोच्च शिखर सगरमाथामा विना अक्सिजन २१ घण्टा विताउने साहसी तथा विश्व कीर्तिमानी पर्वतारोही बाबु छिरी शेर्पालाई गत शीतकालीन साधारण सभाको अवसरमा तत्कालिन माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री विजय कुमार गच्छदारको विशेष उपस्थितिमा सम्मान सहित नगद पुरस्कार प्रदान गरिएको थियो। विश्व कीर्तिमानी पर्वतारोही बाबु छिरी शेर्पाले पर्वतारोही कल्याणकारी कार्यहरुको लागि संचालन हुने गरी संघबाट प्राप्त गरेको पुरस्कार रकममा अन्य क्षेत्रबाट प्राप्त गरेको पुरस्कार रकम सहित थप गरी संघ अन्तर्गत बाबु छिरी अक्षय कोष खडा गर्न सहमति दिनुभएको छ। विश्वविख्यात पर्वतारोही तथा संघका फिल्ड डाइरेक्टर आङरिता शेर्पा अस्वस्थ हुँदा संघले स्थानीय शिक्षण अस्पताल, महाराजगंजमा उपचारको विशेष व्यवस्था मिलाई शुरुमा सम्पूर्ण औषधोपचार खर्च संघले नै व्यहोरेको थियो। यसै गरी किशोर आरोही तेम्बा छिरी शेर्पाले विश्वकीर्तिमान सहित सगरमाथा आरोहण गर्ने अभियानको क्रममा औंलाहरु हिउँले खाई आरोहण परित्याग गरी फर्केपछि स्थानीय बी. एण्ड बी. अस्पतालमा उपचारको सम्पूर्ण व्यवस्था मिलाएको थियो। उपरोक्त दुवै पर्वतारोहीहरुको औषधोपचारमा लागेको खर्च पछि श्री ५ को सरकारबाट संघलाई प्राप्त भएको थियो।

प्रकाशन तथा प्रचार प्रसार

प्रचार प्रसार को माध्यमबाट संघलाई बहुपक्षीय सहयोग जुटाउन सकिने तथा संघका विविध कार्यक्रमहरुलाई देश विदेशमा पुऱ्याउन सकिने संघको सोच अनुरुप आ.ब. २०५६।५७ मा प्रकाशन तथा प्रचार प्रसारलाई अगाडि बढाउने हेतु संघको प्रकाशन पर्वतको दुई वटा नेपाली र दुई वटा अंग्रेजी अंकहरु प्रकाशित गरिएको थियो। संघको रजत महोत्सवमा आयोजित देशव्यापी कविता प्रतियोगितामा उत्कृष्ट ठहरिएका कविताहरुलाई समावेश गरी हिमाल हाम्रो सम्पदा - पर्वतारोही हाम्रा गौरव नामक कविता संग्रहको प्रकाशन गरिएको छ। यसै गरी संघको प्रयोजनको लागि पर्वत एवं पर्वतारोहण क्षेत्रका विविध पुस्तकहरु खरीद गरिएको छ। संघको प्रचार प्रसारमा सहायक सिद्ध हुने खालका टाईपीनहरु बनाईएको छ। वर्तमान पर्वतीय पर्यटन तथा नीति नियमहरुको बारेमा अध्ययन अनुसन्धान गर्ने कार्य अन्तर्गत Evaluation of Mountain Tourism Policies बारेमा अध्ययन गर्ने कार्य शुरु गरिएको छ।

वातावरण संरक्षण कार्यक्रम

संघ अन्तर्गतका विभिन्न चुलीहरुको चरणबद्ध रुपमा सरसफाई गर्दै जाने संघको सोच अनुरुप आ.ब. २०५६।५७ मा ईम्जात्से र लोबुजे चुलीहरुको सरसफाई गर्ने कार्य सफलतापूर्वक सम्पन्न भएको छ। यसै गरी विश्व वातावरण दिवसको अवसर पारी विशेष धार्मिक तथा सामाजिक महत्व बोकेको साँखु स्थित बज्रयोगिनि मन्दिर परिसरको सरसफाई कार्यक्रम सम्पन्न गरिएको छ। वातावरण संरक्षणसंग सम्बन्धित विविध कार्यक्रमहरुमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहभागी हुने क्रममा उक्त आर्थिक वर्षमा टानद्वारा संचालित ईको टुरिज्म वर्कसपलाई विशेष सहयोग उपलब्ध गराउनुका साथै वातावरण पत्रकार समाजद्वारा आयोजित पर्यावरण संरक्षण सम्बन्धी कार्यशाला गोष्ठीमा समेत संघले सहयोग उपलब्ध गराएको थियो। आ.ब. २०५६।५७ सगरमाथा सफाई कार्यक्रमलाई पनि समावेश गरिएको थियो तर संघले विनियोजन गरेको बजेट रकमले मात्र उक्त कार्यक्रम सम्पन्न गर्न असमर्थ हुने र कार्यक्रमको लागि गरिएका पत्राचार तथा सहयोगको लागि गरिएका आव्हानहरुका बावजूद पनि श्री ५ को सरकार लगायत अन्य संघ संस्था तथा व्यक्तिहरुबाट कुनै सहयोग प्राप्त हुन नसकेको हुनाले उक्त कार्यक्रम सम्पन्न गर्न सकिएन।

पर्वतीय उद्धार कार्यक्रम

पर्वतारोहणको क्रममा पर्न सक्ने विविध दुर्घटनाहरुमा उद्दार पुऱ्याउने हेतु विभिन्न कार्यक्रमहरु संचालन गर्ने संघको सोच अनुरुप नयाँ कार्य समितिले संघको विधानले तोके बमोजिम गठन गरेको पर्वतीय उद्दार समिति मार्फत पर्वतीय उद्धार सम्बन्धि तथ्यांक संकलन गर्ने तथा संभावित दुर्घटनाहरुको पहिचान गर्ने कार्य थालनी गरेको छ। पर्वतारोहणको क्रममा हुन सक्ने दुर्घटनाहरुमा सहायता पुऱ्याउन सहायक सिद्ध हुने बाकी टाकीहरुको खरीदको लागि आ.ब. २०५६।५७ मा आवश्यक कार्य थालनी गरी यस आ.ब.मा बाकी टाकीहर खरीद गरी सकिएको छ। यसका साथसाथै उद्दारको लागि आवश्यक जन शक्ति तयार गर्ने उद्देश्यले उद्दार तालिम प्रदान गर्न आवश्यक कार्य थालनी गरिएको छ।

चन्दा सहायता :

संघको विभिन्न संघ संस्था संग रहँदै आएको मित्रवत सम्बन्धलाई अझ बढी मजबुत बनाउनका लागि विभिन्न संघ संस्थाद्वारा आयोजित कार्यक्रमहरुमा सहयोग पुऱ्याउने कार्य अन्तर्गत नाटा तथा टानलाई आर्थिक सहयोग उपलब्ध गराईनुका साथै नेपाल हिमालयन पथ प्रदर्शक संघको अग्रसरतामा लोबुजे र गोक्योमा निर्माण गरिएको पौवा तथा चर्पी निर्माणको लागि संघले आर्थिक सहयोग उपलब्ध गराएको थियो। स्मरण रहोस् विगतमा संघले मेरा चुली क्षेत्रमा निर्माण गरिएको भरियाको बासस्थान

हेनरी टडमाथि कारवाहीको स्वागत

सन् २००० को वसन्त ऋतुमा सगरमाथा आरोहण गर्नका लागि ब्रिटिश नागरिक हेनरी वि. टड टोली नेता भएका H.G. Everest Expedition नामक दललाई श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अनुमति प्रदान गरेको थियो। सो दलका सदस्यका रुपमा सम्मिलित अमेरिकी नागरिक तथा पत्रकार Finn - Olaf Jones लाई सगरमाथा आधार शिविरमा रहेको बखत हेनरी वि. टडले Jones लाई कुटपीट गरेको, निज हेनरी वि. टडबाट पहिले पहिले नेपाल आउँदा पटक पटक पर्यटन ऐन नियमको उल्लंघन गर्ने गरेको हुँदा निजलाई यस्तो गल्ती नगर्ने चेतावनी दिइसकेको अवस्थामा पनि, निजबाट बारम्बार पर्यटन ऐन तथा नियमावलीको उल्लंघन गरेको हुँदा पर्यटन ऐन २०३५ को दफा ३८.१ (ग) बमोजिम सन् २००२ को वसन्त ऋतुसम्म निजलाई नेपाल प्रवेश गर्न र पर्वतारोहण गर्न समेत प्रतिबन्ध लगाउने श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको हालैको निर्णयलाई नेपाल पर्वतारोहण संघले हार्दिक स्वागत गरेको छ।

पर्वतारोहण जस्तो साहसिक र मर्यादित पेशामा लागेका व्यक्तिहरुबाट अनावश्यक रुपमा यस्तो कार्य हुनु अशोभनीय भएको हामीले महसूस गरेका छौं। यस्ता कार्यलाई दुरुत्साहित गर्न श्री ५ को सरकारले हालै गरेको निर्णय समय सान्दर्भिक रहेको छ। यस प्रकार श्री ५ को सरकारले नेपालको पर्यटन उद्योगमा नै आँच पुऱ्याउनेहरुलाई दण्ड सजाय दिने र राम्रो काम गरी पर्यटन उद्योगको प्रवर्द्धन गर्नेलाई पुरष्कृत गर्ने नीतिलाई आगामी दिनहरुमा निरन्तरता दिनेछ भन्ने विश्वास संघले लिएको छ।

निर्माणमा समेत आर्थिक सहयोग उपलब्ध गराएको थियो। यसै गरी चौरीखर्क गा.वि.स. वडा नं. ३ स्थित बाटोलाई ठाडो कोशीमा आएको बाढीले क्षतिग्रस्त बनाउँदा संघका विभिन्न चुलीहरु जाने उक्त बाटो पूनर्निर्माणको लागि आर्थिक सहयोग उपलब्ध गराईएको थियो।

बैदेशिक सम्बन्ध विस्तार :

विभिन्न बैदेशिक संघ संस्थासंग संघको स्थापना काल देखिनै मैत्रीपूर्ण एवं सौहार्दपूर्ण सम्बन्ध रहिआएको छ। संघका विविध कार्यक्रमहरुमा अन्य संघ संस्थाहरुको सहभागिता र अन्य संघ संस्थाहरुको कार्यक्रमहरुमा संघको सहभागिताले गर्दा नै संघको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय लगायत विविध कार्यहरुको विश्वव्यापी रुपमा जानकारी प्रवाह गर्न सकिएको कुरामा छ। आ.व. २०५६।५७ मा पनि संघको विविध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता रहेको थियो।

यसै सिलसिलामा संघ सदस्य रहेको अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघ (UIAA) sf] Greece को Olympia मा सम्पन्न महासभामा संघका अध्यक्ष टासी जाङ्बु शेर्पा र प्रथम उपाध्यक्ष आङ छिरिङ शेर्पाको सहभागिता रहेको थियो। उक्त महासभामा संघका अध्यक्षले विशेष समय लिई संग्रहालय लगायत अन्य विविध कार्यक्रमहरुको बारेमा उपस्थित सदस्यहरुलाई जानकारी गराउँदै संग्रहालय प्रति विशेष अभिरुचि र सहयोग को लागि अनुरोध गर्नुभएको थियो। यसै गरी संघका अध्यक्षकै नेतृत्वमा विश्वविख्यात पर्वतारोहीहरु काजी शेर्पा र बाबु छिरी शेर्पाले ईटालीको मिलानमा सम्पन्न Milanomontagno –2000 मा भाग लिनु भएको थियो। विश्वभरका विख्यात पर्वतारोही र पर्वतारोहण क्षेत्रसंग सम्बन्धित उच्च व्यक्तित्वहरुको जमघट रहेको उक्त कार्यक्रममा संघको संग्रहालय लगायत विविध कार्यक्रमहरुको जानकारी गराईएको थियो।

Himalayan Adventure Trust – Japan (HAT-J) को आयोजनामा हुने युवाहरुको लागि वातावरण संरक्षणका कार्यक्रमहरुमा संघको सदैव सहभागिता रहँदै आएको छ। यसै सिलसिलामा सो ट्रष्टद्वारा आयोजित पाकिस्तानको ईस्लामाबादमा आयोजित "Youth Cross Cultural Mountain Conservation Project –1999" मा संघका कार्य समिति सदस्य ल्हाक्पा दोर्जी शेर्पाको नेतृत्वमा नेपालका तीन जना स्कूले विद्यार्थीहरुको सहभागिता थियो।

यसै गरी संघका द्वितीय उपाध्यक्ष विक्रम पाँडे र सचिव आङ देण्डी शेर्पा सम्मिलित प्रतिनिधिमण्डलले स्पेनको वार्सिलोनामा सम्पन्न UIAA Expedition Commission को बैठकमा भाग लिएको थियो। सोही Commission को आयरल्याण्डमा सम्पन्न बैठकमा संघका कार्य समिति सदस्य आङ फुर्वा शेर्पाको नेतृत्वमा पर्यटन मन्त्रालयका प्रतिनिधि समेत संलग्न दुई सदस्यीय प्रतिनिधिमण्डलले भाग लिएको थियो। उपरोक्त बैठकहरुमा पर्वत र पर्वतारोहण सम्बन्धि विविध विषयहरुमा छलफल भएका थिए।

मंगोलियाको उलानबटारमा सम्पन्न एशियाली पर्वतारोहा महासंघ (UAAA) को महासभामा संघका सचिव र कोषाध्यक्ष समेत सम्मिलित प्रतिनिधिमण्डलले भाग लिएका थियौं। संघ द्वितीय उपाध्यक्ष रहेको महासंघको उक्त बैठकमा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय सम्बन्धी विशेष एजेण्डा उपर छलफल हुँदा संग्रहालयको सम्पूर्ण निर्माण र प्रदर्शनीमा राखिने वस्तुहरुको संग्रहको लागि विभिन्न एशियाली राष्ट्रहरुको आफ्नो तर्फबाट सक्दो सहयोग प्राप्त हुने बचनबद्धता प्राप्त भएको छ।

भारतको नयाँदिल्लीमा सम्पन्न Himalayan Environment Trust को Himalayan Environment Trust Functions बैठकमा संघका द्वितीय उपाध्यक्षको नेतृत्वमा संघको दुई सदस्यीय प्रतिनिधिमयडलले भाग लिएको थियो। उक्त बैठकले नेपाल पर्वतारोहण संघका अध्यक्ष पदेन रहने गरी Board of Trustee मा मनोनयन गरेको छ। यसैगरी संघका अध्यक्षको नेतृत्वमा महासचिव समेत संलग्न एक प्रतिनिधिमण्डलको जापानको टोक्योमा सम्पन्न UAAA Council Meeting / HAT–J Meeting मा सहभागिता थियो।

विशेष कार्यक्रमहरु :

क. विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गर्ने प्रथम महिला जापानकी श्रीमती जुन्को ताबेईले सगरमाथा आरोहण गरेको २५औं वर्ष (रजत महोत्सव) को उपलक्ष्यमा श्री ५ को सरकार हुलाक सेवा विभागको सहयोगमा श्रीमती जुन्को ताबेईको तस्वीर अंकित विशेष संस्मरणात्मक हुलाक आवरणको प्रकाशन गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीबाट सो को टाँचा लगाईएको थियो।

ख. फ्रेन्च नागरिक मौरिश हर्जोगले अन्नपूर्णा प्रथम हिमालको प्रथम पटक आरोहण गरेको ५० वर्षको उपलक्ष्यमा श्री ५ को सरकार हुलाक सेवा विभागको विशेष सहयोगमा अन्नपूर्णा प्रथम हिमालको तस्वीर अंकित हुलाक टिकट प्रकाशन भएको छ।

ग. संयुक्त राष्ट्र संघले सन् २००२ लाई अन्तर्राष्ट्रिय पर्वत वर्षको रुपमा मनाउने घोषणा गरेको परिप्रेक्षमा यसलाई नेपालमा पनि बृहत तथा राष्ट्रिय कार्यक्रमको रुपमा मनाउने बारेमा सम्माननीय प्रधानमन्त्री लगायत सम्बन्धित विभिन्न निकायहरुसंग आवश्यक पहल तथा पत्राचार शुरु गरिएको छ।

चोरी चढाई नियन्त्रण अनुगमन

संघका चुलीहरुको चोरी चढाई नियन्त्रण कार्यको लागि सगरमाथा राष्ट्रिय निकुञ्जसंग समन्वय राखी पर्वतारोहण सिजनमा मोबाईल गर्न रु. एक लाख १२ हजार रकम उपलब्ध गराउन आ.ब. २०५५।५६ मै भएको सहमति अनुसार आ.ब. २०५६।५७ मा दुई किस्ताको रकम उपलब्ध गराईएको छ।

(२०५७ पुस २७ गते नेपाल पर्वतारोहण संघको शीतकालीन साधारण सभामा संघका महासचिव भूमिलाल लामाद्वारा प्रस्तुत संघको आ.व. ०५६/५७ को प्रगति प्रतिवेदनबाट)

मनाङमा आधारभूत पर्वतारोहण तालिम सम्पन्न

नेपाल पर्वतारोहण संघबाट वार्षिक रुपमा संचालन गरिँदै आएको आधारभूत पर्वतारोहण तालीम **(Basic Mountaineering Training Course)** यस वर्ष २०५७ श्रावण ३१ गते देखि २०५७ असोज ६ गते सम्म ० काठमाडौं र संघको मनाङस्थित स्कूलमा सम्पन्न भयो। उक्त तालिममा जम्मा ३२ जना प्रशिक्षार्थीहरुलाई ५ जना स्लोभेनियन प्रशिक्षक र २ जना नेपाली प्रशिक्षकहरुले प्रशिक्षण दिनुभएको थियो।

२०५७ साल असोज ९ गतेमा उक्त तालिममा सफल सम्पूर्ण प्रशिक्षार्थीहरु तथा तालिमको लागि सहयोग गर्नुहुने प्रशिक्षक, तालिम ईन्चार्ज तथा ईक्विपमेन्ट ईन्चार्जहरुलाई नेपाल पर्वतारोहण संघद्वारा आयोजित एक समारोहमा श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन उद्योग महाशाखा, पर्वतारोहण शाखाका प्रमुख सह - सचिव शंकर प्रसाद कोईरालाले प्रमाणपत्र वितरण गर्नुभयो।

संघका अध्यक्ष टाशी जाङ्बु शेर्पाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा संघका महासचिव भूमिलाल लामाले स्वागत मन्तव्य व्यक्त गर्नुभयो। कार्यक्रममा प्रशिक्षार्थीहरुका तर्फबाट रमेश मान डंगोलले तालिम सम्पूर्ण रुपमा सफल भएको र संघबाट संचालन गरिने अन्य तालिमहरु अझ विस्तारित, विकसित तथा वैज्ञानिक तरीकाले संचालन हुँदै जाने कुरा व्यक्त गर्नुभयो। नेपाली प्रशिक्षकहरुका तर्फबाट किलुतेम्बा शेर्पाले तालिमको बारेमा प्रकाश पार्दै संघले तालिमहरुलाई अन्तर्राष्ट्रिय स्तरको मान्यता प्रदान गर्न पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। स्लोभेनियन प्रशिक्षकका तर्फबाट भ्लाडो स्लाम्बर्गरले नेपाल पर्वतारोहण संघ र स्लोभेनियन पर्वतारोहण संघ बीचको सम्बन्ध यस्तो तालिमहरुको संचालनले आउँदा दिनहरुमा अझ विस्तारित हुँदै जाने विश्वास व्यक्त गर्नुभयो।

प्रमुख अतिथि सह-सचिव शंकर प्रसाद कोईरालाले तालिममा सफल भएका सम्पूर्ण प्रशिक्षार्थीहरुलाई बधाई दिँदै संघका तालिमहरु लाई अझ बढी विकसित गर्नुपर्ने र यसैमा अध्ययन अनुसन्धानहरु हुनुपर्ने विचार व्यक्त गर्दै संघबाट गरिने यस्ता कार्यहरुमा श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सदैव सहयोग रहने विचार व्यक्त गर्नुभयो।

अन्तमा सभाका सभापति तथा संघका अध्यक्ष टाशी जाङ्बु शेर्पाले संघका तालिमहरुका बारेमा बोल्नुभएको थियो।


सर्वोच्च शिखर सगरमाथा प्रथम आरोहणको ५०औं वार्षिकोत्सव

नेपाल पर्वतारोहण संघ विगत २८ वर्ष देखि नेपालको पर्वतीय पर्यटन, विशेष गरी पर्वतारोहण प्रवर्द्धनमा, अनवरत रुपले सक्रिय रहँदै आएको छ। नेपालको पर्वतीय पर्यटनको प्रचार प्रसार, विकास तथा अभिबृद्धिको लागि संघ सदैव अग्रसर त छँदैछ यसका अलावा पर्वतारोहीहरुको सुरक्षा, सहायता लगायत यस क्षेत्रमा लागेका पेशेवरहरुलाई प्राविधिक रुपमा दक्ष बनाउन समेत संघले अग्रणी भूमिका खेल्दै आएको सर्वविदितै छ। यसका अतिरिक्त साहसिक पर्वतारोहण क्षेत्रमा अभूतपूर्व कीर्तिमान कायम गर्ने पर्वतारोहीहरुको सम्मान गर्नु र पर्वतारोहणका इतिहासमा स्वर्ण अक्षरले लेखिएका क्षणहरुलाई स्मरण गर्दै उत्सवको रुपमा मनाउनु संघको एक हिस्साकै रुपमा रहेको छ। यस प्रकारका कार्यक्रमहरु संघले बारम्बार गर्दै आएको थियो, गर्दैछ र भविष्यमा पनि गरिरहने छ।

